प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

व्यवस्थापकहरु
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५ ९४६६**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५५
नेपाल सम्वत् ११३१
इस्वी सम्वत् २०११
बिक्रम सम्वत् २०६८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**12th SEPTEMBER 2011**

| वर्ष- २९ | अङ्क- ५ | यँया पुन्हि | भाद्र २०६८ |
|---|---|---|---|


आऊ हेर राजाको रथ जस्तो यो भड्किलो संसार लाई । यस्मा मूर्खजन मात्र फँस्दछ ज्ञानीजन आसक्त हुँदैन ।

धर्म आचरण राम्ररी गर्नुपर्छ । दुराचरण गर्नु हुँदैन । धर्माचरण गर्ने व्यक्तिले यो लोक र परलोक दुबैमा सुखपूर्वक जीवन बिताउँछ ।

नीच धर्म सेवन नगर, वेहोसी (प्रमादी नहोऊ । गलत धारणा (मिथ्या धारणा) मा नफँस । फेरि फेरि जन्म लिनुपर्ने कामना नबढाऊ ।

यस संसारलाई पानीमा उठेका फोका अथवा मृगतृष्णा (अस्थिर) बराबर सम्झेर बस्ने व्यक्तिलाई यमराजले आफ्नो वसमा राख्न सक्दैन ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# शुद्ध धार्मिक बनौं

बुद्धले ४५ वर्ष सम्म धर्म उपदेश दिनु भएको मानिसलाई धार्मिक बनाउनको लागि हो । अर्को भाषामा भन्ने हो भने असल मानिस बनाउनको लागि हो । सबै भन्दा पहिले बुद्ध स्वयं आफू शुद्ध धार्मिक व्यक्ति बन्नु भयो । मतलब आफ्नो चित्त र मन शुद्ध गर्नु भयो । ६ वर्ष सम्म तपस्या गरेर पनि किन बोधिज्ञान प्राप्त गर्न सकेन भनेर विचार गर्नुभयो । पीपलको रूखमुनि बसेर विपश्यना ध्यान गरेर अन्तर्मूखी भइ आफूलाई आफैले चिन्न प्रयत्न गर्नु भयो । अनि उहाँले आफूमा क्लेश रूपी विकार लोभ द्वेष, ईर्ष्या अहंकार मिथ्या दृष्टि आदि बाकि रहेको छ भनी थाहा पाउनु भयो । उहाँले (सिद्धार्थले) धमिलो चित्तलाई शुद्ध पार्नु भयो । बाङ्गो मनलाई सोझो पार्नु भयो मतलब मिथ्या दृष्टिलाई हटाई सम्यकदृष्टि राख्नु भयो । अनि मात्र उहाँ शुद्ध धार्मिक बन्नु भयो । बुद्ध बन्नु भयो । बोधिज्ञान लाभ गर्नु भयो ।

त्यसपछि मात्र बुद्धले मानिसलाई शुद्ध धार्मिक बन्न सक्ने उपदेश दिन शुरू गर्नु भयो । उहाँ भन्नुहुन्छ धार्मिक र पापी हुने मन अनुसार नै हो । मनको स्वभाव हो जुनसुकै अवस्थामा काममा पनि अगुवा हुनु, र मन मुख्य (नाइके बनेर जताततै पुगेको हुन्छ । त्यसकारण अशुद्ध मन लिएर कसैले बोल्यो वा काम गऱ्यो भने गोरू को पछि पछि गाडाको पांग्रा आए झैं दु:ख पछि पछि लागेर आउँछ । मतलब मानिस पापी बन्न पुग्छ ।

बुद्ध फेरि भन्नु हुन्छ– मनको स्वभाव हो जुनसुकै काममा पनि अगुवा हुनु र मन मुख्य भएर जताततै पुगेको हुन्छ । त्यस कारण शुद्ध मन लिएर कसैले बोल्यो वा कुनै काम गऱ्यो भने आफ्नो पीछा न छोड्ने छायाँ झैं सुख पछि लागेर आउँछ । मतलब मन शुद्ध भएपछि मानिस शुद्ध धार्मिक बन्न पुग्छ ।

बुद्धको उपदेशमा धेरै जसो पारिवारिक जीवनमा धार्मिकपन हुनु आवश्यक देखिन्छ । मतलब व्यवहार राम्रो हुनु पर्छ । बुद्ध भन्नु हुन्छ अज्ञानताको कारणले मानिसले गल्ती गर्न सक्छ, मानिसमा कमजोरी हुन सक्छ । गल्ती नभएको मानिस कम मात्र पाउन सकिन्छ । परिवारमा गल्ती गर्ने र अट्टेरी व्यक्ति उपस्थित हुँदा धार्मिक बन्न अप्ठचारो लाग्ला तर सुखमय जीवनको लागि अज्ञानी व्यक्ति संग द्वेष भावले व्यवहार नगरी मैत्री पूर्वक व्यवहार गर्न सके राम्रो हुनेछ । धार्मिक जीवनको लागि सहयोग मिल्छ ।

बुद्ध भन्नु हुन्छ– अट्टेरि र खराब स्वभावका व्यक्ति परिवारमा भए उसको स्वभावै त्यस्तै छ, त्यो सुधार नहुने खालको व्यक्ति रहेछ भनी उ प्रति उपेक्षा भाव, तटस्थता तथा समता भाव राखी व्यवहार गर्न सके धार्मिक बन्न सजिलो हुनेछ । अरू उपाय छैन । सधैं सँगै बस्नु पर्छ । झगडा गरेर द्वेष भावले जीवन सुखमय हुँदैन । त्यसैले बुद्ध भन्नु हुन्छ अप्रिय सँग बस्नु पर्ने पनि दु:ख हो ।

बुद्ध फेरि भन्नु हुन्छ– परिवारको केही व्यक्तिले नराम्रो काम गरिरहेको छ, नराम्रो कुरा गरिरहेछ भने त्यस प्रति द्वेष भावले तुरन्तै प्रतिक्रिया प्रकट नगरी त्यस्तो काम र कुरा आफूबाट भइरहेको छ कि छैन भनी एक चोटी विचार गर्नु बेस हुनेछ । यसरी विचार गर्नसके मानिस धार्मिक बन्न सक्ने छ ।

बुझ्न न सक्ने कुरा के भने केही धर्म प्रचारक व्यक्तिहरू वैरले वैर भाव शान्त हुँदैन, मैत्री चित्तले मात्र शत्रुता नाश हुन्छ" भन्ने बुद्ध सन्देश खुँब प्रचार गर्छन्, धर्म उपदेश दिन्छन् तर आफूलाई कसैले अप्रिय वचन बोलेको खण्डमा बुद्धको उपदेशलाई बिर्सी हितैषीलाई पनि वास्तै नगरी अधार्मिक व्यवहार गर्ने गर्छ ।

प्रशंसाको मात्र आशा राख्ने गर्छ । अनि धार्मिक पन देखावटी मात्र हुनेछ । हुनत बुद्धको शिक्षा अनुसार कसैले पनि कसैलाई चित्त दुख्ने कुरा र काम गर्नु हुन्न । बुद्ध भन्नु हुन्छ अज्ञानताले गर्दा मानिसले अधार्मिक काम गर्ने गर्छ । त्यसैले अज्ञानीलाई धर्मको शिक्षा दिनुपर्ने । धर्म शिक्षा दिएर सुधिएन भने सजायँ दिनु पर्छ । ब्रह्म दण्ड दिने नियम बुद्धले दिनु भएको हो । ब्रह्म दण्डको मतलब बहिष्कार गर्ने भन्नेबुझिन्छ ।

गौरबको कुरा हो धर्मकीर्ति अध्ययन गोष्ठीका सदस्यहरूले आफ्नो परिवारमा धार्मिक वातावरण ल्याउन आफू स्वयं धार्मिक बनी व्यवहार गरि रहनु भएको सुन्न पाउछौं । विहारमा न गएका व्यक्तिहरूले पनि बुद्धको शिक्षा भएको पुस्तक पढेर उनीहरू धार्मिक बनी पारिवारिक जीवनमा धार्मिक वातावरण बनाएको सुन्न पाउँदा हौसला र उत्साह बढने गर्छ । धार्मिक बन्नलाई चित्त संकुचित हुनु हुन्न । कर्त्तव्य पालन गर्नुपर्छ । विश्वासपात्र बन्न सक्नु पर्छ । सहनशीलता भए मात्र धार्मिक बन्न सक्ने छौं । अरू पनि स्मरणीय कुरा बुद्धले भन्नु भएको छ– अरूलाई आफूले गरेको उपकार पनि बिर्सन सके धार्मिक ब्यक्ति बन्न सजिलो हुनेछ, होइन भने त्यसले गर्दा आफूमा अहंभाव रही रहन्छ । त्यस्को बदला केही पाउने आशा मनमा लुकी रहेको हुन्छ ।

त्यसैले शुद्ध धार्मिक बन्न त्यति सजिलो छैन ।



Downloaded from http://www.dhamma.digital

# विपश्यना शिविर र आत्मदर्शन

✍ सत्यनारायण गोयन्का

*अनुवादक- विश्व शाक्य*

यो अज्ञानी, मुढी र बुद्धि-विलासी स्वभाव कसरी बनायौं ? बारम्बार एउटै किसिमको व्यवहार गर्दा गर्दा स्वभाव बन्यो । राग पैदा गर्ने स्वभाव, द्वेष पैदा गर्ने स्वभाव। यस स्वभावलाई परिवर्तन गर्न पनि त समय लाग्ने नै हुन्छ तर, स्वभावलाई परिवर्तन गर्न सकिन्छ भन्ने कुरा थाहाहुनु पनि एउटा ठूलो उपलब्धि हुनेछ। फेरि स्वभावलाई परिवर्तन गर्ने अभ्यास गर्नु छ, र यही हामी गर्दैछौं। कुनै घटना घटित हुँदै अन्धप्रतिक्रिया व्यक्ति गर्नुको सट्टा हामीले घटनालाई प्रत्यक्षत: हेर्ने अभ्यास गरिरहेका छौं । जब समताभावले हेर्न अभ्यास गर्छौं त अन्धराग, अन्धद्वेष पैदा हुनेछैन। समतामा स्थिर रह्यौं भने क्रिया गर्नेछौं- प्रतिक्रिया हुनेछैन। क्रिया हमेशा रचनात्मक हुन्छ, विधेयात्मक हुन्छ र कल्याणकारी हुन्छ ।


आफ्नो स्वभाव परिवर्तन गर्ने अभ्यास समय लाग्नेछ । समस्याहरू आइपर्नेछन्, अप्ठेराहरू आइ-लाग्नेछन्। तिनलाई स्वीकार्नुपर्नेछ। हाम्रा यी प्रयत्नहरूमा पाँचवटा ठूला बाधा, अवरोधहरू छन् पाँच ठूला दुश्मनहरू छन् । तिनलाई चिनौं । त्यसप्रति सजग रहौं । बाहिरका दुश्मन हुँदाहुन् त सतर्क रहन सकिन्थ्यो तर यी पाँचै भित्रका दुश्मन हुन्। थाहा छैन कतिखेर शिर ठाडो पारेर आउने हुन् पत्तो हुँदैन ।

पहिलो दुश्मन हो राग, दोस्रो द्वेष । हामी राग र द्वेष हटाउनको लागि नै साधना गरिहेका छौ तर नासमझमा साधना गर्दा-गर्दा अन्ततोगत्वा हामी राग र द्वेषमै अल्झिरहेका हुन्छौं । हामीलाई फलाना-फलाना सम्वेदना आए हुन्थ्यो, फलानो-फलानो नआइदिए हुन्थ्यो भनिनु नै राग-द्वेषमा अल्झिनु हो। यसबाट जोगिनुपर्दछ। अन्य अरू दुई दुश्मन छन्–ती हुन् आलस्य र बेचैनी । साधना गर्ने समय कहिले बडो आलस्य अनुभव हुने हुन्छ, निद्रा लाग्ने हुन्छ कहिलेकहीं बडो बेचैनी, छटपटी हुन्छ । साधनामा मन एकाग्र हुनै दिँदैन । साधनाको सट्टा अरू कामगर्नमा रूचि लाग्ने हुन्छ र साधक दिनभर अरू नै प्रकारका प्रवृत्तिहरूमा अल्झिन पुग्ने हुन्छ, जसको फलस्वरूप जत्ति दु:ख कष्ट भए पनि अरू नै काम गर्न रुचाउँछ तर साधना गर्न रुचाउँदैन। पाँचौ दुश्मन हो– सन्देह यानेकि शङ्का। मनमा विचार उठ्न सक्छ कि यो के साधना हो ? श्वासलाई हेर, श्वासलाई हेर ! के हेर्नु छ श्वासलाई ? श्वास त आइरहन्छ। फेरि गर्मीलाई हेर, सर्दीलाई हेर ! यसलाई के हेर्नु छ ? यो मौसमको कारणले भएको हो । यसप्रकार मनमा शङ्का उठ्न सक्छ र साधना छुट्न सक्छ ।

कुनै पनि कुरालाई अन्धविश्वासको आधारमा मान्नु, छैन । साधना-विधिको बारेमा मनमा कुनै शङ्का-उपशङ्का उठेमा तत्काल मार्ग-दर्शकसँग भेटेर समाधान गरिहाल्नुपर्दछ। धेरै पटक भेट-घाट गर्नुपर्ने नै किन नहोस् आफ्नो शङ्काको निवारण गरिहाल्नुहोस् । यी पाँचै दुश्मनहरूबाट बच्नुहोस् । सचेत र सजग भएर काममा लागिरहनु होस् ।

**तीन बात बन्धन बँधे, राग द्वेष अभिमान ।**
**तीन बात बन्धन खुलें, शील समाधि ज्ञान ॥**
**रोग समझ पाया नहीं, समझा नहीं निदान ।**
**रोग भला कैसे मिटे ? कैसे हो कल्याण ?**
**दु:ख समझ पाया नहीं, समझ नहीं निदान ।**
**दु:ख भला कैसे मिटे ?, कहाँ मोक्ष ? निर्वाण ?**
**तृष्णा जड से खोद कर, अनासक्त बन जाय ।**
**दु:ख- बन्धन से छुटन का, यह ही एक उपाय ॥**
**देखो अपने आप को, समझो अपना आप ।**
**अपने को जाने विना, मिटे न भव सन्ताप ॥**
**क्षण-क्षण जाग्रत ही रहे, शुद्ध सत्य का बोध ।**
**मन की समता स्थिर रहे, तो ही दु:ख-निरोध ॥**

*क्रमश:*





Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास-८

✍ के.श्री धम्मानन्द
अनुवादक- प्रकाश बज्राचार्य

ग्रीक, चीन इजिप्ट र बेबिलोनियाका प्रगतिशील विचारधारहरू भारतका जंगल र हिमालयमा बस्ने ऋषिहरूको दृष्टिको दाँजोमा पुग्न सकेको थिएन । मुक्ति (बोधिज्ञानको त्यो बिउ जुनकि टाढा टाढाको खेतबाट उडेर आएको बिउ झैं हामी भन्दा स्थान र समयको हिसाबले अनन्त दुरीबाट आएको हो त्यस्तो बिउले भारतको उत्तर पूर्वी भागमा हुर्कन र विकसित हुन पायो । बोधिज्ञानको यो बिउले अनुभवी व्यक्ति गौतम बुद्धको माध्यमबाट पूर्ण रूपले प्रकटहुन पायो । बुद्ध धर्मको मुहानै यही अनुभव हो जसलाई बोधिज्ञान भनिन्छ । बोधिज्ञानको माध्यमद्वारा बुद्धले धर्मप्रचारको थालनि गर्नु भयो । जब हामी यो विचार गर्छौं कि बुद्धले लिंडे ढिपि रहस्यद्वारा आफ्नो मत प्रचार गर्नु भएको थिएन बरू वैधानिक सर्वलौकिक (सबैलाई लागु हुने) अनुभवद्धारा गर्नु भएको थियो, तब बुद्ध धर्मको साँच्चै को परिभाषाको लागि सबभन्दा उपर्युक्त शब्द हुनेछ– सत्य । स्मरण रहोस् कि बुद्धले सिद्धान्तहरूबाट मार्ग देखाउनु भएको थिएन । उहाँले सँधै आफ्नो अनुभवले, आफ्नो ज्ञानले, र सत्यको माध्यमले मार्ग देखाउनु भयो ।

२५०० वर्ष अगाडि गौतम बुद्ध भन्ने व्यक्तिमा निहित भएको सत्यको रूपमा बुद्ध धर्मको उदय भयो । जब बुद्धले आफ्नो शिक्षा प्रकट गर्नु भयो, उहाँले खालि जीवनको व्याख्या मात्रै गर्न खोज्नु भएको थिएन । बरू उहाँले त आफूले पत्ता लगाएको सत्य औंल्याउन र मोक्ष प्राप्तिको लागि ठिक र व्यवहारिक मार्ग देखाउन खोज्नु भएको थियो ।

बुद्धको मौलिक शिक्षामा जीवन र संसारको सत्य समाएको थियो । तैपनि बुद्धले आफैले दिनु भएको मौलिक शिक्षा (जसलाई प्राय: गरी धम्म वा बुद्ध उपदेश भनिन्छ) र पछि मान्छेहरूलाई यसमा आकर्षित पार्न बनाएको धर्मको बिचमा फरक छुट्याउनु अनिवार्य छ । उहाँको परिनिर्वाणको केही शताब्दी पछि बुद्धका अनुयायीहरूले आफ्नो गुरूको शिक्षाको आधार लिएर एक धर्मको श्रृजना गरे । धर्मको संगठन गरेको बेलामा आफ्नो गुरूको मौलिक शिक्षामा नभएका विभिन्न चमत्कार, गुप्तविद्या, ज्योतिषविद्या, मन्तर, जन्तर, स्तुति, र थुप्रै तमाशा विधिहरू घुसाए । जब यी असम्बन्धित धार्मिक, र थुप्रै तमाशा विधिहरू घुसाए । जब यी असम्बन्धित धार्मिक विश्वास र अभ्यासहरू आए, तब धेरै मानिसहरूले यसका मौलिक शिक्षाहरू आत्म-अनुशासन, आत्म संयम, नैतिकताको वृद्धि र मानसिक विकासको अभ्यासलाई बेवास्ता गरे । मौलिक शिक्षाको अभ्यासको ठाउँमा भूत प्रेतबाट आफ्नो बचावट र सौभाग्यहुनुमा उनीहरूले बढि प्रयास र ध्यान केन्द्रित गरे । विस्तार विस्तारै मानिसहरूले मूल शिक्षामा ध्यान दिन छाडे; र नक्षत्र, कुविद्या र रोगव्याधिको कुप्रभाव वा दुर्दशाबाट बच्ने उपाय र तरिकाहरू पत्ता लाउनु तर्फ बढि ध्यान दिन थाले । यसरी धार्मिक अभ्यास र विश्वासहरू संसारिक प्रवृतिहरूमा मात्रै सीमित रह्यो । आजै पनि कतिपय मानिसहरु यो विश्वास गर्दछन् कि बाहिरी शक्तिको प्रभावबाट उनीहरू आफ्नो कठिनाईबाट मुक्त हुन सक्छन् । मानिसहरू अझै पनि यो विश्वासमा जकडिएका छन्, त्यसैले उनीहरू संकल्प शक्ति, बुद्धि, बुझ्नसक्ने क्षमता र अन्य मानविय गुणहरूको विकास गर्नुमा वास्ता गर्दैनन् ।

यसरी हामी देख्छौ कि एक धर्मको रूपमा बुद्धशिक्षा विभिन्न सामाजिक र साँस्कृतिक वातावरणमा बस्ने मानिसहरुको एक परिणाम मात्रै हो । जे होस् धर्मको रूपमा बुद्धशिक्षा स्वर्गबाट झरेको अलौकिक व्यवस्थाको रूपमा शुरू भएको होइन । बरू यो लामो ऐतिहासिक प्रक्रियाबाट उत्पन्न र विकास भएको हो । विकासको यो क्रममा धेरै मानिसहरू बुद्धका मौलिक शिक्षाबाट बिस्तारै टाढा हुँदै गए ।

बुद्धको मौलिक शिक्षाले एक धर्मलाई मात्रै नभै पूरा सभ्यतालाई प्रेरित गऱ्यो । यी शिक्षाहरूले कतिपय संस्कृति र राष्ट्रहरूको इतिहासमा एक ठूलो सभ्यताप्रेरक शक्तिको रूपमा काम गऱ्यो । वास्तवमा बुद्ध धर्म विश्वले अहिले सम्म थाहापाएको सबभन्दा उत्तम सभ्यताहरू मध्ये एक हुन आएको छ । साहित्य, कला, दर्शन नीतिशास्त्र र शिल्पविद्याको क्षेत्रमा हासिल गरेको अद्भुत सफलताको इतिहास यसमा छ । सयौं वर्षको समयकालमा अनगिन्ति सामाजिक र शैक्षिक संस्थाहरू विभिन्न राष्ट्रहरूमा देखा परे जसले बुद्धको शिक्षाको लागि सेवा अर्पित गरे । बुद्ध धर्मको इतिहास भातृत्वभाव र प्रीतिको सुनौला अक्षरले लेखियो । बुद्धले आफ्नो शिक्षाको प्रचारगरेको दिनदेखि संसार एक बेग्लै ठाउँ हुन आयो । *क्रमश:*



Downloaded from http://www.dhamma.digital

# 7uLsf]lj j}\ al4

✍ **भिक्षु अश्वघोष**

बुद्धकालिन समयको कुरा हो । बम्बइ शहरको समुद्रको छेऊमा सुप्पारक नामक बन्दरगाह (जहाजबाट मालसामान ल्याउने ठाउँ) छ । बाहिय दारू चिरिय नामक व्यक्ति ब्यापार गर्न पानी जहाजमा बसी गइरहेको बेला समुन्द्रको बीच मै जहान दुर्घटना हुनपुग्यो । उसको सामान जम्मै समुद्र मै डुब्यो । बाहिय दारू चिरिय पौडि खेलेर सुप्पारक भन्ने ठाउँमा पुग्यो । त्यहाँ पुग्दा उसको शरीरमा बस्त्र थिएन । भोक पनि लागेको थियो । उसले केराको बोटको लामो पात र रूखको छिलकालाई चिरिकन शरीरलाई ढाकी एउटा माटोको भाँडो हातमा लिई माग्न गयो । उसको अनौठो वस्त्र देखेर मानिसहरूले यो एक अरहन्त शुद्ध सन्त वा महापुरुष हुन सक्छ भनी ठानी खूब सम्मान गर्न थालियो । मिठो-मिठो खाना ख्वाउन थाल्यो । बाहिय दारू चिरियको मनमा कुरा उठ्यो– आहा ! यही जीवन ठीक छ, जीविकाको लागि ।

मानिसहरूले नयाँ नयाँ राम्रा राम्रा लुगा दानदिन ल्याए । उसले दान लिएन । उ भन्छ, त्यस्ता राम्रा लुगा लाउनु हुन्न । मिठो-मिठो खाना खानु पनि हुन्न । यस्तो कुरा सुनी मानिसहरूको श्रद्धा झन बढ्दैगयो, अनि भन्न थाले यो सही अरहत नै हो ।

बाहिय दारू चिरियले मनमनै भन्नथाले– म त अरहन्त होइन । अरहन्तहरूमा यस्तो आडम्बर हुँदैन । मानिसहरूलाई ठग्ने काम गर्दैनन् । यस्तो कार्यले गरेर मैले अरूलाई मात्र, धोखा दिइरहेको होइन आफूलाई पनि धोखा दिइरहेको छु मैले । यो त मेरो ठगी जीवन भयो । उसको विवेक बुद्धिले भन्छ– साँच्चै अरहन्त नै हुने हो भने यहाँ बस्नु हुँदैन । गौतम बुद्ध कहाँ जानु पऱ्यो । उहाँले अरहन्त (शुद्ध मानिस) हुने बाटो देखाउनुहुन्छ । अहिले उहाँलाई भेट्न जानुपऱ्यो । आजभोलि भगवान् बुद्ध श्रावस्तिमा हुनुहुन्छ भने को । यसरी विचार गरी श्रावस्तितिर लम्क्यो, गयो । बाहिय दारू चिरिय विद्वान व्यक्ति हुनुहुन्थ्यो ।

श्रावस्ती पुग्नासाथ सोधन थाल्यो बुद्ध कहाँ हुनुहुन्छ ? उहाँ जेतवनमा हुनुहुन्छ भन्नेकुरा थाहापाए र त्यहाँगयो । बुद्ध भिक्षाटनको लागि जानुभएको रहेछ । उ आत्तिन थाल्यो । जहाँ गौतम बुद्ध हुनुहुन्थ्यो त्यहाँगयो । भगवान बुद्ध घरैपिच्छे दैलो दैलोमा उभिएर भिक्षालिंदै हुनुहुन्थ्यो । उ पनि पछिपछि जान थाल्यो । उसले वन्दना गर्दै भन्नथाल्यो– भो शास्ता गुरु ! मलाई अरहत हुने उपदेश वा उपाय भन्नुहोस् । तपाईंले अरहत (शुद्ध व्यक्ति) हुने बाटो देखाउनसक्नुहुन्छ रे !

बुद्धले भन्नुभयो– एकघण्टा पछि विहारमा आऊ अनि कुरा गरुँला । यहाँ बाटोमा कुरा गर्ने समय होइन ।

एकघण्टापछि नभन्नुस् । एक घण्टाभित्र तपाईंको के ठिकाना ? मेरो पनि के ठिकाना ? जिन्दगीको केही ठिकाना छैन । मलाई यहीं एकदुई शब्द भए पनि भनिदिनुस् भनी बाहिय दारूचिरियले विनम्रपूर्वक अनुरोध गरे ।

बुद्धले विचार गर्नुभयो– यो मान्छे सही श्रद्धाले म कहाँ आएको हो । ज्ञानलाभ गर्ने आशाले मात्र होइन, ज्ञान लाभ गर्ने शक्ति पनि उसमा छ । एकघण्टा पछि भनिदिएँ । यो भनाई ठीक भएन । उसको आयुको केही ठिकाना छैन । एकघण्टाको बीच के हुन्छ ? कसलाई थाहा छ ? के हुन्छ ? श्वासप्रश्वास बन्दभयो कि मृत्यु हुने शरीर हो ।

बुद्धले भन्नुभयो ध्यान दिएर सुन । म छोटकरीमा भन्नेछु । वर्तमान अवस्थालाई राम्रोसँग चिन्ने कोशिश गर । आफूलाई आफैंले चिन, आफ्नो गल्ती महशूस गर । जे देखे पनि, सुने पनि वास्तविक तथ्यलाई बुझी देख्ने मात्र गर, त्यसमा आशक्त नहुनु । सुनेपनि सुन्ने मात्र गर, त्यसमा आशक्त नहुनु । स्पर्श गरे पनि त्यसमा आशक्त नहुनु । निमित्तग्राही नहुनु । होशियारी भई सतर्क बनी, सचेत बनी बस्ने । कुनै चीजमा आशक्त नहुनु चाकुमा झिंगा टाँसे झैं ।

यत्ति सुन्नासाथै बाहिय दारूचिरिय बोध भयो । उ अरहत भयो, निक्लेशी भयो, निर्दोषी भयो । उसले आफूलाई आफैंले चिन्नसके । आफ्नो गल्तीलाई महशूस गरे । उसको विवेक बुद्धिले काम दियो ।

बाहिय दारू चिरिय अति प्रसन्न र आनन्दित भए । खूब हर्षित भई बाटोमा हिंडिरहेको थियो । अकस्मात एउटा साँढेले हानीदियो । बाहिय दारू चिरिय बाटोमै ढलेर मऱ्यो ।

यता भगवान बुद्ध फर्केर जानुभयो । बाटोमै बाहिय दारू चिरिय मरिरहेको देखेर बुद्धले भिक्षुहरूलाई भन्नुभयो– लौ यसलाई विहारमा लैजाओ । भिक्षुहरूले कुरा बुझेन किन यसरी भन्नुभएको । मरेको बाहिय दारू चिरियको मृत शरीर लाई बोकेर लगे । विहारमा पुग्नासाथै दाहसंस्कार गरिदियो । हाड र बाँकी खरानी लिएर चैत्य (स्मारक) बनाइदिनुभयो ।

भिक्षुहरूले सोध– भन्ते ! यस्तो किन गर्नुभएको ? त्यो त गृहस्थी हो ? गौतम बुद्धले भन्नुभयो– ऊ गृहस्थ भए पनि अरहत भइसक्यो । बोध भइसक्यो । उसले मनलाई बसमा राखी चित्तशुद्ध गरी सक्यो । तृष्णा क्षय भइसक्यो । त्यसैले उसको स्मृतिमा चैत्य बनाउन योग्य भयो । उदान पालीको आधारमा । ❖



Downloaded from http://www.dhamma.digital

# धम्मपद – २४३

✍ प्राज्ञ रीना तुलाधर (बनिया)
'परियत्ति सद्धम्म कोविद'

**मुञ्च पुरे मुञ्च पच्छतो**
**मज्झे मुञ्च भवस्स पारगू**
**सब्बत्थ विमुत्त मानसो**
**न पुन जातिजरं उपेहिसि**

*अर्थ–*

पहिलेको, अहिलेको र पछिको आशा छोडी संसार बाट पार भएर जाऊ सबै प्रकारबाट चित्त मुक्त गर्न सक्ने लाई फेरि यो संसारमा जन्म मरण हुनु पर्ने छैन ।

*घटना–*

उपरोक्त गाथा भगवान बुद्धले वेणुवन विहारमा बस्नु हुँदा उग्गसेनको कारणमा भन्नु भएको थियो ।

राजगृह नगरमा पाँचसय जना नर्तकी तथा केही सर्कसवालाहरू राजा बिम्बिसारको दरवार परिसरमा सात दिनसम्म नाच देखाउन आए । नाच देखाउनेमा एउटी केटी जो नाट्य समूहका नाइकेकी छोरी थिइन्, त्यसले बडो प्रभावशाली नाँच देखाइन् । त्यहाँ नाच हेर्न आउनेमा उग्गसेन नामका एक महाजन पुत्र ती केटी देखि मोहित भए । उसको प्रेममा अन्धो भएर उग्गसेन महाजन पुत्र आमाबावुले रोक्दा रोक्दै पनि नमानी त्यो केटी बिहे गरीकन नाट्य समूहकै पछि पछि लागे ।

नाट्य समूहमा उसले गाडा सफा गर्ने, सामानहरू ओसार पसार गर्ने कामहरू गरे । पछिबाट उनीहरूको एउटा छोरा पनि भयो । एकदिन स्वास्नी चाहिले बच्चालाई मनाउने क्रममा "ए छोरा तिमी गाडा सफा गर्नेका छोरा हौ । शिल्प कला काम केही नजान्नेका छोरा हौ" इत्यादि भनेर लोग्ने चाहिँलाई सुनाई रहिन् । उग्गसेनले आफूलाई स्वास्नीले व्यंग्य हानेको कुरा बुझे । उसलाई चित्त पनि दुख्यो । त्यस पछि उग्गसेनले पनि नाट्य कला सर्कस कला सिक्छु भनी ससुराकहाँ गएर भन्न गए । नभन्दै एक वर्षमा उसले सबै नाट्य कलाहरू बेजोडसँग सिके ।

त्यसपछि उग्गसेनले राजगृहमा गई सात दिनसम्म भव्य कला देखाए । सातौं दिनको प्रदर्शन भइरहेको थियो । त्यही दिन तथागत सम्यक सम्बुद्धले त्यो दिन उग्गसेनले अरहत फल लाभ गर्न सक्ने लक्षण देख्नु भयो ।

भगवान बुद्ध नाट्य प्रदर्शन भईरहेको ठाउँमा पुग्नु भयो । त्यहाँ पुगेर सबै दर्शकवर्गले म तर्फ हेरून् भनेर सोच्नु भएपछि तथागतको ऋद्धि बलले सबै दर्शकहरू सर्कस हेर्न छोडेर भगवान बुद्धलाई हेर्न लागे । यो देखी उग्गसेन खिन्न भए । मैले एक वर्षसम्म मेहनत गरेको कला कसैले हेरीदिएन भनी प्रदर्शन गर्न छोडेर चुप लागेर बसे । अनि भगवान बुद्धले त्यहाँ उपस्थित भएका मौद्गल्यायन भिक्षुसँग भन्नु भयो- "हे मौदगल्यायन उग्गसेनलाई प्रदर्शन गर्न नछोड भनी देउ ।"

यो सुनी खुशि भएर उग्गसेनले अझ ठूलो चमत्कारी प्रदर्शनहरू गरे । तब भगवान बुद्धले उग्गसेनलाई सम्बोधन गरी भन्नुभयो– "हे उग्गसेन । पण्डितजनले अतीत, अनागत र वर्तमान कालमा शरीरस्कन्धको आशक्ति छोडी पुनः पुनः जन्म लिनुबाट मुक्त हुन सक्नु पर्छ ।"

यसरी आज्ञा भई भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । धर्मदेशनाको अन्तमा उग्गसेन, जो अझै पनि सर्कस देखाउन बाँसको पोलको टुप्पामा बसीरहेको थियो । तिनले अरहत्व लाभ गरे । उनी सर्कस देखाउने बाँसको पोलबाट तल झरे र त्यसपछि भिक्षु भएर संघमा प्रवेश गरे ।

**धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू**

*क्र.सं. ६९२*
**श्रीमीला रंजित**
कलंकी, मित्र मार्ग
रू. १००५/-

*क्र.सं. ६९३*
**हरिसंकर (खैगुलि) मानन्धर**
बनेपा
रू. १००५

*क्र.सं. ६९४*
**निर्मला उप्रेती**
गोंगःवुँ काठमाडौं
रू. १०१०/-



Downloaded from http://www.dhamma.digital

# z'4 vfgf / cz'4 vfgf

✍ **नरेन्द्रनाथ भट्टराई**

कुनै पनि खानाले शरीरमा मात्र असर पर्ने होइन, खानाले मन, बुद्धि र विचारलाई पनि ठूलो प्रभाव पार्दछ । सात्त्विक, राजस र तामस तीन प्रकारको खानालाई विभाजन गरेर त्यसै राखेको होइन । जुन किसिमका खाना खानाले सहबुद्धि बढाउने, सरलता, परोपकारी, अहिंसक आदि भाव जगाउने कार्य गर्दछ, त्यो सात्त्विक खाना भनेर भनिएको छ । जुन खाना खानाले बल, वीर्य बढ्ने, उत्तेजित गराउने, घमण्ड बढाउने, मर्न-मार्नको लागि उद्यत पार्ने कार्य गर्दछ, त्यसलाई राजस खाना र अल्छी, बेहोशी तुल्याउने खानालाई तामसी खाना भनिन्छ । यो शतप्रतिशत सही कुरा छ कि खानाले हाम्रो मन, बुद्धि र विचारमा सबभन्दा बढी स्थान लिइरहेको हुन्छ । यसैकारणले गर्दा नै आज कैयौं मानिस धर्म-कर्म, पाठ-पूजा, ध्यान-ज्ञान, भजन-कीर्तन अनेक पुण्य कर्म गर्छन् तर पनि मानसिक अशान्तिमा रत्तिभर फरक पाउँदैनन् । सात्त्विक भोजन गर्दा पनि कहिले कहीं मनमा अशान्ति हुने जीउ भारी र बेचैन हुने गर्दछ । यो कसरी त ?

शिष्यगणहरूलाई खानाको महत्त्व र खानपिनले शरीर, मन बुद्धिमाथि खेल्ने भूमिकाबारे महात्माले धेरै सम्झाउँदा पनि केही शिष्यहरूलाई चित्त बुझेनरहेछ । सात्त्विकी, राजसी र तामसी खानापिनाको बारेमा त चित्त बुझ्यो तर सात्त्विकी खाना खाँदा पनि मन अशान्त रहने, पेट गडवड हुने आदि भएकोले यस्तो कसरी भयो त ? भनी केही शिष्यले प्रश्न गर्दा महात्माले २/४ दिन हामी गाउँ घुमेर आऔं अनि म यो प्रश्नको उत्तर दिउँला भन्नुभयो । शिष्यमण्डली सहित महात्मा गाउँ घुम्न थाल्नुभयो । पहिलो रात गाउँका एक ग्रामपतिको घरमा बास मागन पठाउनुभयो । ग्रामपतिले ठूलो स्वागत र सत्कार गरेर महात्मा र शिष्यमण्डलीलाई समेत लगेर खानपीन, आराम, विश्राम आदिको भव्य व्यवस्था गरेर राखे । भोलिपल्ट विहान उठेर त्यहाँबाट अगाडि बढे । बाटोमा महात्माले सोध्नुभयो, "तिमीहरूले रात आरामसंग त बितायौ होला अनि खानपीन पनि राम्रोसंग गऱ्यौ होला ?"

एकजना शिष्यले भने– "गुरुदेव व्यवस्था त सब ज्यादै राम्रा थिए, खानपीन सबै शुद्ध नै थिए तैपनि रातभरी राम्ररी निन्द्रा परेन अलिकति निन्द्रा लाग्दा पनि दुःस्वप्नहरू आए । जीउ अहिले पनि आलस्य भैरहेको छ । मलाई मात्र हो कि?" भन्दा अरू सबै शिष्यगणले पनि आफूहरूलाई त्यस्तै अनुभव भएको कुरा बताएर यो हुनाको कारण गुरुसंग सोधे । गुरुले "यस विषयमा भोलि उत्तर दिउँला ।" भनी अघि बढ्नुभयो । त्यो दिन साँझ त्यही गाउँको छेउमा तिनै ग्रामपतिका दाजुको घरमा बास बस्न पुगे । ती दाजुचाहिं मामुली झुपडीमा बस्ने, जग्गा-जमीनमा आफैले खनजोत गरेर १/२ वटा गाई, भैंसी पालेर बसेका साधारण किसान थिए । तिनले महात्मा र शिष्यहरूलाई प्रेमपूर्वक पिंढीमा गुन्द्री बिच्छाइदिएर राखे, राती पनि सामान्य खानपीन र सुकुलगुन्द्रीमै विश्राम गराए । भोलिपल्ट विहान त्यताबाट हिंडेपछि अघिल्लो दिनको जस्तै गुरुले खानपीन र निन्द्राबारे सोध्नुभयो । आजको रात त सपना नै नदेखी मस्तसंग निदाएको कुरा सबै शिष्यहरूबाट सुनेपछि महात्माले भन्नुभयो–

"लौ हेर बाबु हो ! अब म तिमीहरूलाई हिजो त्यस्तो आरामदायी ठाउँमा पनि निन्द्रा राम्रो नपरेको र दुःस्वप्न देखेको अनि आज सुकुलमा सुत्दा पनि मस्त निन्द्रामा परेको तथा जीउ पनि हलका भएको कारण बताउँछु, खाना त हामीले हिजो पनि सात्त्विक खाना नै खाएका थियौं, आज पनि सात्त्विक खाना खाए पनि हिजोको रातमा दुःस्वप्न देख्नु, जीउ आलस्य पार्नमा ती ग्रामपतिले शोषण गरेर कमाएको खानाको प्रभाव हो । यस्तै उता दाजुचाहिं सरल, इमान्दार, परिश्रमी र राम्रो भावनाका थिए । मेहनत र सच्चा कमाइको खाना खान पाएकोले हाम्रो त्यस घरको बसाइ र मनस्थिति पनि राम्रो भएको हो । खानामात्र भनेर हुँदैन । कस्तो कमाइबाट आएको खाना हो ? कस्तो भावदशामा तयार गरेर दिइएको खाना हो त्यसले पनि ठूलो असर पार्दछ ।

❖



Downloaded from http://www.dhamma.digital

# a'4 ;Gb]z uLt :tlt xf]Og, ;To ljrf/ xf]-@

✍ **डा. चन्द्रमान वज्राचार्य**

***"जसले धर्मलाई देख्छ, उसले मलाई पनि देख्छ; जसले मलाई देख्छ, उसले धर्मलाई पनि देख्छ"*** *- बुद्ध*

बुद्धका अनुसार जीवनको लक्ष्य निर्वाण पद प्राप्त गर्नु हो । निर्वाण यस्तो पद हो जसलाई मान्छेले यहीं प्राप्त गर्दछ । निर्वाण त्यस अवस्थाको नाम हो, जसमा ज्ञानद्वारा अविद्यारूपी अन्धकार दूर भएर जान्छ । यो अवस्था यही जन्ममा प्राप्त गर्न सकिन्छ । बुद्धले भनेका छन्( जुन धर्मात्माले कसैको हिंसा गर्दैन, शरीरको प्रवृतिलाई संयममा राखेर पापबाट बचाइरहन्छ, त्यसले अच्युत निर्वाण पद प्राप्त गर्दछ, जहाँ शोक र सन्तापको नाम हुँदैन ।

बुद्धका विचारमा के ठीक छ, के ठीक छैन भन्ने निर्णय गर्नका लागि आधार छन् । जुन काम म गर्न लागेको छु, त्यो मेरो र अरूका लागि पीडादायक त हुँदैन ? जुन काम कसैका लागि पीडादायक हुँदैन,जसमा सबैको सुख हुन्छ, त्यही ठीक हो र जुन आफूलाई र अरूलाई दु:ख हुन्छ, त्यो ठीक होइन । यसैले मानव पहिचानका लागि सबैमा आफूलाई मूल्यांकन गर्ने प्रवृत्ति हुन आवश्यक छ ।

बुद्धले आफ्ना उपदेशहरूमा सूक्ष्म र जटिल दार्शनिक विचारलाई त्यति स्थान दिएनन् । सृष्टिको उत्पत्ति ब्रह्माबाट भएको हो वा अन्य सत्ताबाट, सृष्टिकर्ता ईश्वर हो या होइन भन्ने विवादबाट उनी सधैं पर रहे। बुद्धका अनुसार जीवनको पवित्रता र आत्मकल्याणका लागि यी प्रश्नमा विवाद गर्नु लाभकारी छैन । तर पनि मान्छेमा यी प्रश्नमाथि एक स्वाभाविक जिज्ञासा हुन्छ नै । यही कारण हो– बौद्ध दर्शनमा १८ ओटा निकाय वा सम्प्रदाय देखा परे । यी सम्प्रदायका बीचमा धेरैं भिन्नता पाइन्छ ।

अहिलेको समयमा विश्व-शान्तिको लागि हरेक क्षेत्रमा बुद्ध धर्मको अपरिहार्यताको बोध भइसकेको छ । यसैलाई महसुस गरेर बुद्ध जयन्तीको दिन नेपालमा र संयुक्त राष्ट्रसंघले समेत सार्वजनिक बिदा दिने गरिन्छ । तर पनि बुद्धको बहुजन हिताय, बहुजन सुखायको मूल आदर्श सिद्धान्त कमजोर हुन पुगेको छ, केवल पूजाआजा, कर्मकाण्ड, ध्यान आदिमा मात्र सीमित हुन थालेको छ । बुद्धले समाजमा नैतिक चेतना जागृत गरेर ब्राह्मणहरूको प्रभुत्व र सामाजिक वर्गभेदको विरोध गरी मानव समानताको सिद्धान्त प्रचार गरे र समाजका लागि धर्मको नयाँद्वार खोलिदिएका थिए । यसबाट समाजमा समानता, स्वतन्त्रता, उदारता एवं सहनशीलताको भावना प्रसार भएको थियो । तर, अहिले समाजमा बौद्ध धर्ममा पनि हिन्दु धर्म झैं पूजाआजा, कर्मकाण्ड, आदिले प्रधानता पाउन थालेको देखिन्छ । बुद्ध धर्म भनेको गीत-स्तुति होइन; मूर्ति होइन र देवता पनि होइन । यो त एक महान् शुद्ध विचार हो, जसलाई अँगाले मानिसको जीवनमा कायापलट ल्याइदिन्छ । यही विशेषता रहेकाले नै बुद्ध धर्म विश्वभर फैलिएको हो ।

बुद्धका सन्देश र ज्ञानको प्रचारप्रसार नहुनु भनेको उनलाई नबुझ्नु हो, बुझेर पनि बुझ पचाउनु हो । उनका सन्देश हृदयंगम गरी जनताको दु:खलाई साथ दिएर तिनको सच्चा सेवकहरूले पुनर्विचार गर्न जरूरी छ । धर्म केवल धर्म प्रचारकै लागि भन्ने हुँदैन । धर्म जनताको सेवा, हित र कल्याणका लागि हुनुपर्छ । तसर्थ अहिलेको अशान्तपूर्ण वातावरणमा बौद्ध धर्मावलम्बीहरूले बुद्धधर्मलाई जनताको सेवा गर्ने र मानिसलाई असल मान्छे बनाउने विचारका रूपमा विकास गर्नुपर्छ । बुद्धधर्ममा आस्था राख्ने सबैले यति गरेमा बुद्ध जयन्तीको सार्थकता रहनेछ । ❖



**धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू**

*क्र.सं.* ६९५

**लक्ष्मी शोभा स्थापित**
३९ ज्याठा छुस्याबहाल गल्ली
काठमाडौं
१५००/-

*क्र.सं.* ६९६

**ज्ञानदेवी तुलाधर**
१३/३४१ तुँछें गल्ली
नरदेवी काठमाडौं
रू. १५००/-



Downloaded from http://www.dhamma.digital

# महाभिनिष्क्रमणको मार्मिक प्रसङ्ग
# चुपचाप गृहत्याग गरेका थिएनन् बुद्धले

✍ **सीताराम अग्रहरि**

वैशाख शुक्लपूर्णिमा अर्थात् बुद्ध पूर्णिमा शान्तिकामी, मुक्तिकामी मानवमात्रका लागि करूणामय बुद्धलाई सम्झने, श्रद्धा गर्ने प्राज्ञ दिवस । प्राणी मात्रलाई दुःख, शोक, भय, अविद्या, तृष्णाबाट मुक्त पार्ने महामानव बुद्धपथबाट पाठ लिने अविस्मरणीय जागरण दिवस । सन् ५२८ ईसापूर्वको वैशाख पूर्णिमामा बुद्धत्व प्राप्त सिद्धार्थ गौतम सम्यक सम्बुद्ध बनेको पावन दिन ।

जवाहरलाल नेहरू 'इतिहासका महापुरुष' नामक आफ्नो पुस्तकमा लेख्छन्, "बुद्धको जन्मको बेला भारतमा पुरानो बौद्धिक धर्म प्रचलित थियो तर त्यो धेरै बदलिसके को थियो र आफ्नो उच्च आदर्शबाट खस्किसकेको थियो । ब्राह्मण पुरोहितहरूले थरिथरिका कर्मकाण्ड, पूजापाठ र अन्धविश्वास थुपारिदिएका थिए । जातिको बन्धन कडा हुँदै गइरहको थियो र आमजनता साइत, मन्त्र-तन्त्र, जादू आदिबाट डराउँथे । यी तरिकाबाट पुरोहितहरू जनतालाई आफ्नो मुट्ठीमा राखेका थिए र क्षेत्री राजाको सत्तालाई चुनौती दिन थालेका थिए । यसरी क्षेत्री र बाहुनबीच सङ्घर्ष चलिरहेको थियो । त्यसबेला बुद्ध एक लोकप्रिय सुधारकका रूपमा प्रकट भए र उनले पुरोहितहरूको यी अत्याचारमाथि एवम् पुरानो वैदिक धर्ममा जुन खराबी आएको थियो त्यसमाथि आक्रमण बोले । उनले शुद्ध जीवन बिताउन र असल काम गर्न ... सद्जीवनको बाटो बताए ।"

बुद्ध महापुरुष थिए उनले दुःखको मीमांसामात्र गरेनन् निकासको उपाय पनि बताए । जन्म पनि दुःख, बुढेसकाल, मरण, शोक, मनको उद्विग्नता, चिन्ता, मिलन, संयोग, प्रियसँग वियोग सबै दुःख हो । उनको विचारमा कुनै अभिष्ट र त्यसलाई प्राप्त गर्न नसक्नु पनि दुःख हो । संसारमा आएपछि एउटान एउटा दुःख लागिरहन्छ, दुःखबाट छुटकारा मानिसको नियतिमा छैन । बुद्धले तृष्णालाई नै दुःखको मूल कारण बताए । तृष्णाबाट मुक्त भएर दुःखरहित अवस्थाको नामनै निर्वाण हो र मानिसले आफ्नो जीवनमै निर्वाण प्राप्त गर्न सक्छ, यस्तो बुद्ध ठान्दथे । राग, द्वेष एवंम् मोहरहित, तृष्णारहित भएर, ज्ञानवान भएर मनुष्यले कर्म गऱ्यो भने उसले मोक्ष प्राप्त गर्न सक्छ । यसका लागि उनले आठ मार्ग बताएका छन् ।

बुद्धको सबभन्दा ठूलो शक्ति उनको विनम्रता, शालीनता, सहनशीलता, सहिष्णुता हो । उनी सहअस्तित्व, सद्भावको सिद्धान्तमा विश्वास गर्थे जसको अत्त दीपो भव उत्तिकै प्रासङ्गिकता छ । उनमा आत्मविश्वास त थियो झूठो आत्माभिमान थिएन । उनी अहंकाररहित थिए । उनी अरू धर्मगुरु जस्तै कृत्रिम देवत्वमा विश्वास गर्दैनथे । उनी स्पष्ट भन्थे, अत्त दिपो भव अर्थात् आफ्नो उज्यालो आफैं बन । श्रद्धाले मानिस उनलाई भगवान मान्छन्, भन्छन् । उनी स्पटरूपले भन्थे, "म त मोक्षदाता होइन, मार्गप्रदर्शक मात्र हुँ । उनी प्रशंसा वा निन्दा, स्तुति वा भक्तिको दुनियाँबाट टाढा थिए, उनी व्यवहारिक मानवधर्मका व्याख्याता थिए । उनी भन्थे संधै सबैले प्रशंसा गर्ने वा निन्दा गर्ने व्यक्ति पहिले पनि थिएन, आज पनि छैन, पछि पनि हुनेछैन ।" (जेतवन) । उनी कालजयी चिन्तक थिए । संयुक्त राष्ट्रसंघका महासचिव उथान्तले सन् १९६७ मा लुम्बिनी भ्रमणमा सही नै भनेका थिए, बुद्ध नेपालका मात्र नभई विश्वका महापुरुष हुन् ।

यहाँ विवेचनाको प्रसङ्ग अर्कै छ के बुद्ध चुपचाप एक रात कसैलाई केही नभनी दुःखतप्त मानवताको प्रश्न समाधान गर्न अकस्मात गृहत्याग गरेर निस्केका हुन् ? धेरै मा यो भ्रम छ, धेरै विद्वान्हरूले यस्तो भन्दै आएका छन् । बुद्धले प्रव्रज्या ग्रहण किन गरे ? परम्परागत जवाफ यो छ कि एक वृद्ध, एक रोगी तथा मुर्दा देखेर उनको मनमा विर क्तिको ज्वार उठ्न थाल्यो । उनको हृदयमा प्राणी मात्रको चिन्ता र दुःख हटाउने उपाय खोज्ने इच्छा दिनप्रतिदिन प्रवल हुँदैगयो । आचार्य धर्मानन्द कौसम्वीले यस महाभिनिष्क्रम (गृहत्याग) को समास्यामाथि प्रश्नसूचक चिन्ह लगाए । कालान्तरमा डा.वी.आर. आम्वेडकरले ३५ वर्ष निरन्तर बौद्ध ग्रन्थहरूको अध्ययन गरेर कौसाम्वीको सन्देहको पुष्टि गरे (भारत र विदेशमा बौद्ध धर्म प्रसारक डा. श्रीमती यमुनालाल) उनले प्रश्न उठाए, 'यो कसरी हुनसक्छ कि २९ वर्षको आयुसम्म सिद्धार्थले कहिल्यै कुनै वृद्ध, रोगी तथा मृत व्यक्तिलाई नदेखेका होऊन् ? यी जीवनका यस्तो घटना हुन जुन दिनहुँ सयकडौं, हजारौं घटित भइनैरहेका हुन्छन् ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# कर्मफल–४

✍ धम्मवती गुरुमां

चूलपन्थ भिक्षु आपा समय विते मजूवं अर्हत जुल। निर्दोष व विमुक्त जुल।

महापन्थं कर्मखोट्टा भाग्य ब:मलाम्ह धका पितना छोम्हेसित बुद्धं नापलाना वयागु मनयात लोगु शिक्षा बिया बिज्यात। वयागु मदुगु भाग्य दयावल। उकिं योग्यम्ह गुरू नं चूलाय्मा:।

कर्म ब:लाकेत थ:गु उत्साह जक दयाँ मगा:। मे पिनिगु तेवा व गुहालि नं मा: अथे धयागु गुरू नं योग्यम्ह मा:। पुसाजक पिनाँ छुयाय् ? ल्वहंते पिनाँ बुया वइ मखु। भिंगु बुइँ पिना ल: व सा: मिले ज्वीक तया: विचा: याय् फुसा जकं भिंगु पुसा बुया: फल नं सइ।

चूलपन्थक भिंगु पुसा ज्वना वोम्ह जूसाँ न्हापाँ ल्वहँते पुसा पीथें जुल। लिपा बुद्ध नापलासेंलि तिनि भिंगु पुसा भिंगु बुँई पीथे जुल।

चुलपन्थं संसार अनित्य धयागु खंका अर्हत जूगुलिं भिक्षुपिनि पुचले खँ जुल–गाथा छपु हे कंठ वयेके मफुम्ह बुद्धि मदुम्ह मूर्खम्ह धका महापन्थ भन्तेनं पितना छोम्ह चूलपन्थयात बुद्धं गुलि याकनं ज्ञान बिया अरहत याना बिज्यात। धन्य ख: बुद्धया महिमा।

अबले बुद्धं नं भिक्षुपिं मुना च्वंथाय् बिज्याना न्यना बिज्यात –

"भिक्षुपिं, छिमि थन छु खँ जुया च्वंगु ?"

"ख: भन्ते कर्मखोट्टा चूलपन्थयात छपिसं कर्म खंका बिज्यात धयागु खँ ल्हाना च्वनागु" धका भिक्षुपिसं न्हयथन।

बुद्धं हाकनं पुलाँगु बाखँ छपु कना गुरू धयाम्ह योग्यम्ह मा: धका खँथ्वीका बिज्यात। व बाखँ थथे–

न्हापा बनारस देशे ब्रह्मदत्त जुजुयापाले छम्ह महाजनया काय् छम्ह बुल। वयात तक्षशिला धयागु विद्यालये आख: ब्वंके छोत। अन न्यास: विद्यार्थीपिं दुगु जुयाच्वन। वं गुरुया बँलाक सेवा याना च्वन। वयागु सेवा भाव खना गुरुम्ह साप लयताल। तर गुरुया सेवा जकं यायस: विद्या धा:सा छुं सयेका मकाल। गोदँ बितेजुल आख: सय्का मका। ज्ञानि धा:सा जू। गुरुमेस्याँ विचा:यात थ्व विद्यार्थीया चाला व शीलस्वभाव साप बाँला तर विद्या धा:सा सय्का मका:। थ्वदँ मछि दत। वया अबुं गज्यागु आशा याना थन आख: ब्वंके छोया हल। थ्वया धा:सा बुद्धि मदु। थ्वं छुं सयका मवन कि जिगु नाँ बाँलाइ मखु। मेपिं नापं जिथाय् आख: ब्वंमवइ। एजूगुलिं थ्वयात जिं मन्त्र छगू स्यनाबी गुकिं वयागु जीवन सुखमय ज्वी।

दिसापामोक्षगुरुं थथे मतीतया चेलायात स:ता प्रिय शिष्य, थन वा छंत जिं मन्त्र छगू स्यनाबी छं सच्छिको ब्वनासाँ कण्ठ वयेकि न्है। मन्त्र थ्वंहे ख– **"घट्टेसि घट्टेसि किंकारणं घट्टेसि अहंपि तं जानामि जानामि"** छं छुयाना च्वन व खँ जिनंस्यु धयागु व मन्त्रया अर्थ ख:।

व विद्यार्थी सच्छिकोलं मयाक ब्वना कण्ठ वयेकल।

गुरुं न्यन) "मन्त्र कण्ठ वल ला ?"

"कण्ठ वल।" धका लिस: विल।

सापसंक दु:खसिया कण्ठ वयेकुगु मन्त्र लोमनी मखु अले सित्तिं नं वनीमखु। छन्त थ्व मन्त्रं ज्या बी, दु:ख ज्वीमखु। बरू न्ह्याबलें चान्हे न्ह्चो मवैबले नं ब्वनाच्वं। नाँ ! लँखर्च नं धका बिया बिदा बिया छोत।

व छ्यैं लिहाँवन। माँ बौ व थ:थितिपिसं सापसंक मानेयात जिकाय् यक्व आख: सयका वोम्ह धका।

अबले वाराणसी च्वंम्ह जुजुया कल्पना याना च्वन। जिं राज्ययाना च्वनागु ठीक जू ला मजू ला ? थ:गु गल्ति थ:म्हं मखं, मेपिसं जक खनी। मनूते बहनि जानये धुंका ज्यामदु। गफ चलेजुया च्वनी, सरकारया आलोचना याना च्वनी उकिं भेष बदले याना बहँनि चान्हे छ्चैं वना वा पिनेच्वना न्यनेमाल धका भेष बदले याना वन।

उखुनु चान्हे खुँत छथ्व छ्यैं छखाय् सुरङ्ग म्हुया दुहाँवना मालताल मात्तुमा: वंगु जुयाच्वन। व छ्यैं धा:सा वहे तक्ष शिला विद्यालये ब्वना वोम्हेसिगु जुयाच्वन। वया न्ह्चो मवोनि। वया वहे "घट्टेसि घट्टेसि किंकारणं घट्टेसि अहंपि तं जानामि जानामि" छिपिं छुयावल छु कारणे व:गु धयागु जिं स्यु, जिंस्यु" धा:गु ख:। थ्व मन्त्र जक न्यनेवं खुँते खँ जुल–

ए पासा ! मखुथे जुल। झीपिं थनवयागु छ्चैं थुवानं सिल का ! नु बिस्युंवने माल धका भागा भाग जुल।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# संगायना स्वंगू नापं कथावत्थुप्पकरण भाग–१

✍ भिक्षु उपतिस्स

बुद्धधर्म अध्ययन याये इच्छुकपिन्सं त्रिपिटक व त्रिपिटकया दुनेला:गु अभिधर्म पिटकया छगू ग्रन्थ 'कथावत्थुप्पकरण' या विषय नं सीकातये बह:जू । स्थविर परम्परा अनुसारं संगायना स्वंगू जूगु दु । संयगायना नापं नापं मूल बौद्ध साहित्यया आरम्भ जक मखु विकास नं जुजुं थौ २१ औ शताब्दी मूल पालि साहित्यय् अर्थकया टिप्पणी आदि कृति थी थी भासं नं यक्व दु । थुपिं बाहेक बुद्धधर्म सम्बन्धी मूल पालि साहित्य त्रिपिटकया लिधंसाय् विज्ञजनपिन्सं च्वयात:गु लेख रचना इत्यादि नं यक्व खने दु । उकिं त्रिपिटकया आरम्भ व विकासया बारे अध्ययन यात धा:सा कथावत्थुप्पकरन (कथावस्तु प्रकरण या परिचय, विशेषता व महत्त्व थुइका काय् फु ।

भगवान बुद्ध परिनिर्वाण जुया बिज्यायेधुंका भिक्षुसंघ मुना या:गु संगायनां थेरवाद पालि त्रिपिटक ग्रन्थ दक्वयात सुरक्षित याना ब्यूगु जुल । मूल बौद्ध साहित्य अध्ययन याये बले संगायना अध्ययन मयात धा:सा उगु साहित्यया इतिहास लोमंकूगु सरह जुइ । उकिं संगायनां गुकिं त्रिपिटक साहित्य इतिहासया महत्त्व कनाच्वंगुलिं सगायना नापं नापं अध्ययन यातधा:सा त्रिपिटक अन्तर्गत ग्रन्थ व गुकथं जुल धका: थुइ ।

पुच: मुना छगू हे लक्ष्य सम्पूर्ण यायेगु नियतं लयबद्धयाना वाचना यायेगु, सज्झायना यायेगु (विधि) यात संगायना धा:गु । शुद्धरूपं सामूहिक सज्झायना पाठयाय्गु याइगु अवस्थाय् श्रावक व पाठक निखलसियागु नं नियत बाँलागु जुया परिणाम सकारात्मक जू । त्रिपिटक ग्रन्थ दक्व थौं यक्व भाषय् अनुदित जुया नं सुरक्षित जुयाच्वंगु बाँलागु नियतं या:गु संगायनाका परिणाम हे धायमा: ।

**प्रथम संगायना :**

भगवान बुद्धं बोधिज्ञान लाना: परिनिर्वाण जुया मबिज्या:तले बियाबिज्या:गु उपदेश दक्व धर्मस्कन्ध कथं कालधा:सा ८४ हजार दु । उकि मध्यय् श्रावक पिन्सं कनात:गु श्रावक भाषित नं देवतापिन्सं न्यनात:गु व कनात:गु देवभाषित उपदेश नं मदुगु मखु । भगवान बुद्धं छ्थासं मच्वंसे गांमं गामय् नगरं नगरय चारिकाय् बिज्या:गुलिं अहिंसा, सत्य,शान्ति व मैत्रीया उपदेश यक्व प्रचार प्रसार जुल । बुद्धया अनुयायीपिनिगु संख्या नं बृद्धि जुल । त्यागीजुया भिक्षु जूव:पिं यक्व दत । लाभ सत्कार नं यक्व हे बढे जूगु जुल । लाभसत्कार, सम्मान व प्रसिद्धिया इच्छां गुलिंगुलिं भिक्षुपिसं बुद्धधर्म सहीकथं प्रचारयाये मसया विकृति तक नं जुल । अरिट्ठ, साति आदि भिक्षुपिसं सहीधर्म प्रचार याये मफुसे देवदत्त, छ्वर्गीय भिक्षुपिनिगु आचरण व व्यवहार नं शुद्ध मजूगुलिं सुपेशले शिक्षा कामी भिक्षुपिन्त प्यहाँ जुइत तक नं मछिं थें महसूस जुल । विनयधर धर्मधर भिक्षुपिनि कलहया कारणं भगवान बुद्ध पारिलेय्य बने तक नं च्वं बिज्यायेमाल । थी थी कारणं याना भगवान बुद्ध जीवमान बले हे भिक्षुसंघया बिचय् भेद (फुट) जुइगु सम्भावना खनेदय् धुंकूगु जुल ।

भगवान बुद्ध परिनिर्वाण जुया न्हेनु दुखुन्हु हे सुभद्र भिक्षुं 'सुमुत्ता मयं तेन महासमणेन... धका अभद्र वचन धा:गुलिं महाकाश्यप भन्तेया नुगले स्यात । उकिं वस्पोलं बुद्ध शासन रक्षा याना तयेया लागिं भगवानं कनाबिज्या:गु उपदेश दक्व याकनं योग्य भिक्षु पिनि पाखें छ्थाय्सं संकलन याना संगायना यायेमा:गु आवश्यकता खंका बिज्यात । संगायनाया मूल हेतु (निदान) थथे ख :

१) 'जि परिनिर्वाण जुये धुंका धर्मविनययात भिक्षु पिन्सं थ: गुरूयात थें मानेयायेमा' धका भगवान बुद्धं आनन्द भन्तेयात धा:गु जुल । अथेख:सां बुद्ध परिनिर्वाण जुया बिज्याये धुनेवं धर्मविनययात बाँलाक रक्षायाना तयेमा धका महाकाश्यप प्रमुख महास्थविर भन्तेपिसं बिचा: यागु जुल ।

२) बुद्ध जीवमान बले हे देवदत्त, सुनकखत्त, अरिट्ठ, साति आदि भिक्षुपिन्सं थ:थगु दुर्मत नं तथागतं कनाबिज्या:गु धर्म कथं प्रस्तुतया:गु जुल । उकथं दुर्मत धारणयापिं बुद्ध परिनिर्वाण लिपा तक नं दत । इमिगु पाखें वइगु विपत्तिं बचेयायेत धर्मविनय संगायना यायेमा: धका बिचा:या:गु जुल । *क्रमश:*

## भूल सुधार

धर्मकीर्ति पत्रिका वर्ष २९, अङ्क ४, पृष्ठ ४२ मा "साप्ताहिक अभिधर्म पाठ विवरण २०६८ असार (२६-३२)" शिर्षक अन्तरगत रहेको समाचारमा क्र.सं.४ मिति २०६८ असार २९ मा धर्मदेशना दिनुहुने भिक्षु धर्ममूर्ति हुनुपर्नेमा अन्यथा हुन गएकोले यसलाई सच्चाईएको छ ।



Downloaded from http://www.dhamma.digital

# सत्संगत धर्मयाफल

✍ **अञ्जली शाक्य,** बनस्थली, बालाजु

मचाबले सिगु खँ लुमंबले । जि भोँदिया (बनेपा) म्ह्याय्मचा ख: । भोँ देशय् चिभा चैत्य, बुद्धया मूर्ति यक्को दुसा नं बुद्ध धर्मया खँ आपासिनं मस्यू। अज्यागु बखते पूज्य अश्वघोष भन्ते अन बिज्याना ध्यानकुटी विहार स्थापना याना बिज्यात। भोंमी तयगु लागी ज्ञानया मत जोना भगवान बिज्यागु बराबर जुल । वसपोलं करुणा चित्तं अनच्वंपिन्त बुद्ध धर्मया खँ कना बुद्ध म्हसीका बिज्यात । भोंमी तयगु लागी ज्ञानया मत जोना भगवान बिज्यागु बराबर जुल । वस्पोलं करूणा चित्तं अन च्वंपिन्त बुद्ध धर्मया खँ कना बुद्ध म्हसीका बिज्यात । भोंमीत धन्य जुल । नापं बरोबर धम्मवती गुरूमाँपि बिज्याना बाखँ कना बिज्याबले भोंतया मिसाते नं बुद्ध धर्मे श्रद्धा वन । विहारे नं वने सल । अश्वघोष भन्ते नं जिपिं थे जापिं आख:मस:पिंत आख: स्यना बोंका व्यवहारिक धर्म या खँ स्यना बिज्यात । जिपिं अहो भाग्य जुल । थुकिंयाना जिं थ:गु जीवने नं थम्हं बुद्ध धर्म थुइका सीका तयाथें छुं भचा व्यवहारे छ्यला यंके सल । यें जित बियाहल । विवाह जुया भातया छेयँ वना माजु बाजुया पाखें माया व विश्वास काय् खन । ८५ दं दुम्ह माजुं बरोबर धया च्वनी स्व भम्चा अञ्जली स्वर्ग धयागु थ्व हे लोक ख: मनूत सी धुंका गन वनी सुनां छु स्यू ? अञ्जली छंगु पहचह चाला बांलागु व्यवहार बांलागुलिं जिपिं साप लयता वो । मनूतसें जि सी म्हानी, थ्व सुख तोता वने मास्ते मवो धाइ । तर थम्हं धयाथें गन दै । माजु बाजु ले ताय्के दुगुहे जिगु गौरब या खँ ख: । धर्मया बलं व माजु बाजुया आशीर्वादं हे जि काय् म्हाय् निम्हं ज्ञानीपि जन्मे जूगु जुल । मस्त त:धि जुल । थ:गु तुतिं चुइफत । काय म्ह्याय् नं धाल– माँ बा नं दु:ख सिया जिमित बांलाक आख: बोंका ब्वलंकल । जिमिसं कमाय् याय्फत । आ माँ बा पिं विहारे वना धर्म कर्म याहुँ धाल । थ्व खँ न्यना मने साप आनन्द जुल, साप लय्ता वल । थौं जिपिं संघाराम विहारे वना मन याउँसे च्वंक धर्मया खँ न्यं वने दत । जिमिगु जीवन सफल जुल । धर्मं रक्षा जुल धयागु विश्वास ख: । थ्व सफल जीवन जूगु ला ध्यानकुटी वना जुइ दुगु ख: भापिया । ध्यान कुटी विहार स्थापना याना बिज्याम्ह पूज्यनीय अश्वघोस भन्ते प्रति कृतज्ञ जुया, आजीवन वन्दना दु । सत्संगतया फलं जिमिगु जीवन सफल जुल । **बुद्धं शरणं गच्छामि, धम्मं सरणं गच्छामि संघ सरणं गच्छामि ।**

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमललाई सहयोग

१) तता पुच:, केहेँ पुच:, येँ रु. २५५०/–
२) साहेब लाल शाक्य, बनेपा स्व. न्हुछे रत्न शाक्यज्यूको पुण्यस्मृतिमा रु. १०००/–
३) राजकुमार थारु, बर्दिया रु. १०००/–
४) ज्वहार लाल शाकय, बनेपा स्व. पिता न्हुछेरत्न शाक्यको पुण्यस्मृतिमा रु. ५००/–
५) नानु संगीता माँ पुच:, माबती भोजन प्रदान तथा रु. ५००/–
६) उर्मिला बैद्य, बनेपा बालिकाहरूलाई भोजन प्रदान।
७) निस्था तुलाधर, विजेश्वरी रु. ५००/–
८) उग्रतारा बहुउद्देशीय सहकारी संस्था लि., बनेपा मेत्ता सेन्टरका बालिकाहरूलाई स्टेशनरी सामान प्रदान
९) केशचन्द्र शाक्य, बनेपा रु. ३००/–
१०) बनेपा काभ्रे जेसिज संस्थाबाट बालिकाहरूलाई चामल १ बोरा, दाल, फलफूल प्रदान
११) अनगारिका वेरमणी सिलमाता, श्रीलंका, विपना महतरालाई १ वर्षको लागि शिष्यत्त्व रु. ६०००/–
१२) अनगारिका धम्मदिन्ना सिलमाता, (UK) श्रीलंका भोजनको लागि ३०००/–
१३) बैदार शू कलेक्शन, बनेपा - बालिकाहरूलाई जुत्ता १२ जोर
१४) सर्मिष्ठा तुलाधर, ललितपुर रु. १०००/–

## धर्मकीर्ति बौद्ध परियत्ती केन्द्रलाई सहयोग

*२०६८ भाद्र १० शनिवार गते, शनिवार*

धर्मकीर्ति बौद्ध परियत्ति शिक्षा केन्द्रलाई दीपक वीर सिंह तुलाधर लाजिम्पातले सहयोग स्वरूप रु १५००/ चन्दा प्रदान गरी पूण्य सञ्चय गर्नु भएको समाचार छ दाता तुलाधर लाई धर्मकीर्ति बौ.प.शि. केन्द्रले साधुवाद प्रकट गरेको छ ।

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनयात हार्डडिक्सया नितिं ग्वाहालि याना दीपिं दातापिं

| | |
|---|---|
| नानी हेरा तुलाधर, क्षेत्रपाटी | – रू १,०००/- |
| निलम शाक्य, तहाचल | – रू १,०००/- |
| कमल शोभा तुलाधर, त्यौड | – रू ५००/- |
| अमृत शोभा तुलाधर, जमल | – रू ५००/- |

श्रद्धालु दातापिन्त धर्मकीर्ति ज्ञानमाला भजन पिं साधुवाद व्यक्त या:गु दु ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## वार्षिक प्रतिवेदन प्रस्तुत

*२०६८ श्रावण १४ गते, शनिवार* धर्मकीर्ति विहार संरक्षण कोषको आठौं साधारण सभा सम्पन्न भएको थियो। उक्त सभामा यस कोषका विभिन्न इकाईहरू लगायत धर्मकीर्ति विहारका शाखा विहारहरूले गत वर्षको (वि.सं वि.सं. २०६७ वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । उक्त सभामा प्रस्तुत गरिएका वार्षिक प्रतिवेदनहरू (धर्मकीर्ति पत्रिकालाई प्राप्त भएका) यसरी रहेका छन ।

## धर्मकीर्ति विहार संरक्षण कोषको (वार्षिक प्रतिवेदन)

*२०६८ श्रावण १४ गते, शनिवार*

*प्रस्तुती- मीना तुलाधर*

(१) वि.सं २०६७ साल वर्ष भरिको आठौं कार्यकारिणी वैठक, २ वटा आकस्मिक वैठक र यो २०६८ श्रावण १४ गते वार्षिक साधारण सभा सम्पन्न ।

(२) वि.सं. २०६७ सालमा धर्मकीर्ति विहारको तर्फवाट वौद्ध-परियत्ति कक्षा उतीर्ण भएका ७७ जना परिक्षार्थीहरूलाई धर्मकीर्ति विहारको तर्फवाट पुरस्कार प्रदान ।

*(३) २०६७ श्रावण (५-१२)*

धर्मकीर्ति विहार संरक्षण कोषका अध्यक्ष श्रद्धेय भिक्षुणी धम्मवती गुरूमाँको ७६ औं जन्मोत्सवको उपलक्ष्यमा भिक्षु महासंघको तर्फवाट अभिधम्म पाठ र धर्मदेशना, महायानी लामा गुरुहरू एवं वज्रयानी गुरूजुहरुको तर्फवाट पनि पाठ सम्पन्न ।

*(४) २०६७ ज्येष्ठ १२ गते, बुधवार*

२५५४ औ बुद्ध पूर्णीमाको उपलक्ष्यमा धर्मकीर्ति विहार र श्री लंका राजदूतावासको तर्फवाट संयुक्त कार्यक्रम प्रस्तुत ।

*(५) २०६७ जेठ १२ गते, बुधवार*

यसदिन IEG Nepal मा अध्यक्ष अमृत रत्न शाक्यको विशेष निमन्त्रणामा धर्मकीर्ति विहारका अध्यक्ष धम्मवती गुरूमां, उपाध्यक्ष धम्मदिन्ना गुरूमां र पञ्ञावती गुरूमां, Shanghai Expo 2010 Nepal Pavillion कार्यक्रममा सहभागी छन् चीन प्रस्थान उक्त कार्यक्रममा गुरूमांहरूको तर्फवाट बुद्धपूजा र परित्राण पाठ सम्पन्न गरी २०६७ जेठ १९गते काठमाडौं फिर्ति ।

*(६) २०६७ वैशाख ३० गते*

यसदिन सुमित्रा गुरूमां रहँदै आउनुभएको किण्डोल स्थित विहारमा (धर्मकीर्ति विहार अन्तरगत रहेको) धर्मकीति विहार संरक्षण कोषको वैठकले पारित धर्मकीर्ति विहारमा स्थापित भएको अन्तर्राष्ट्रिय शाक्यधीता च्याम्वर इकाईलाई ३ वर्ष परीक्षणकाल सम्म विभिन्न कार्यक्रम संचालन गर्न अनुमति दिइएको ।

*(७) २०६७ असार १२ गते*

यसदिन धर्मकीर्ति विहार संरक्षण कोषका सहकोषाध्यक्ष, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा संस्थापक सदस्य र धर्मकीर्ति पत्रिकाका धम्मपद लेखक नियमित लेखिका रीना तुलाधर (वनिया) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभाका सदस्य पदमा मनोनित हुनुभएको उपलक्षमा उहाँलाई सम्मान गरी शुभकामना व्यक्त ।

*(८) २०६७ आश्विन १५ गते*

यसदिन धर्मकीर्ति विहार संरक्षण कोषका कोषाध्यक्ष, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सल्लाहकार, धर्मकीर्ति विहारका दाता दिवंगत सानुरत्न स्थापितको पुण्य स्मृतिमा श्रद्धाञ्जली सभा सम्पन्न गरिएको थियो। स्मरणिय छ उहाँ २०६७ भाद्र १७ गते दिवंगत हुनु भएको थियो । उहाँको पुण्य स्मृतिमा उहाँको नाममा धर्मकीर्ति विशेषाङ्क प्रकाशन गरिएको थियो ।

*(९) २०६७ चैत्र ३ गते*

भारतको ६२ औं गणतन्त्र दिवसको उपलक्षमा भार तीय राजदूत राकेश ज्यूको तर्फवाट धर्मकीर्ति पुस्तकालयलाई ८० थान बौद्ध पुस्तकहरू धर्मकीर्ति पुस्तकालयका संयोजक तथा धर्मकीर्ति विहार संरक्षण कोषका कोषाध्यक्ष रीना तुलाधर लाई भारतीय राजदूतवासको प्राङ्गणमा हस्तान्तरण गरिएको थियो। उहाँहरूको यस गुणलाई कदर गरी यसदिन भारतीय राजदूतका प्रथम संक्रेटरी पुनीत कुण्डल र अपूर्व श्री वास्थालाई प्रशंसा पत्र तथा Token of Love प्रदान गरियो ।

*(१०) २०६७ फागुण ५-७ गते*

धर्मकीर्ति विहारका संस्थापिका धर्मकीर्ति विहार संरक्षण कोषका अध्यक्ष, धर्मकीर्ति बौद्ध मासिक पत्रिकाका प्रकाशक एवं विशेष सल्लाहकार, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति ज्ञानमाला भजनका अध्यक्ष, पूज्य भिक्षुणी धम्मवती गुरूमां ७७ वर्ष ७ महिना ७ दिन ७ पला पूरा हुनु भएको शुभ उपलक्ष्यमा लुम्विनीमा २०६७ फागुनमा ५,६,७ गते विशेष धार्मिक महोत्सव कार्यक्रम सम्पन्न गरियो ।



Downloaded from http://www.dhamma.digital

*(११) २०६७ साल जेठ १ गते*

म्यानमार स्थित मोलमिन शहरको खेमाराम विहारका प्रमुख गुरूमां दो सुखाकारी (धम्मवती गुरूमां लगायत अन्य गुरूमांहरूका गुरु) १०२ वर्षको उमेरमा दिवंगत हुनुभएकोले उहाँको पूण्य स्मृतिमा श्रद्धाञ्जली सभा सम्पन्न ।

(१२) धर्मकीर्ति विहारका सह संस्थापिका दो गुणवती गुरुमांको ८६ औं जन्मोत्सव २०६७ माघ ९ गते थाइलैण्डमा सम्पन्न भएको थियो भने उहाँ धम्मवती गुरूमांको ७७ औं वर्ष पूरा गरी लुम्बिनीमा मनाएको विशेष धार्मिक महोत्सवमा भाग लिन आउनु भई २०६७ चैत्र ९ गते म्यानमार फर्कनु भएको थियो ।

(१३) यस कोषका अध्यक्ष श्रद्धेय धम्मवती गुरूमां २०६७ फागुन ३० गते म्यानमार जानुभई २०६७ चैत्र १५ गते नेपाल फर्कनु भएको थियो ।

*(१४) २०६८ बैशाख ५ गते*

यसदिन लामा गुरू ट्रनग्राम ग्याटुल रिम्पोछेलाई धर्मकीर्ति विहारमा स्वागत सम्पन्न गरियो ।

(१५) २५५५ औ बुद्ध पूर्णिमाको उपलक्ष्यमा २०६८ जेठ ३ गते देखि ७ गते सम्म

श्रीलंका राजदूतावासबाट श्रीमाओ बन्दारनायक प्रदर्शन केन्द्रिय बौद्ध धर्म सम्वन्धि विभिन्न क्रियाकलापमा नेपालीहरूलाई निमन्त्रणा गरिएकोमा उक्त कार्यक्रममा नेपाली टोलीहरू, भिक्षु उत्तम, माया लामा, भिक्षुणी पुण्यवती, धर्मकीर्ति सं. कोषका सचिव मीना तुलाधर, सह-सचिव प्रफुल्ल कमल ताम्राकार, पूर्व सचिव कीर्ति तुलाधर ध.की.ज्ञानमाला भजनका उपाध्यक्ष जुजुभाई शाक्य, नगीना जोशी, रामेश्वरी महर्जन, रीता महर्जन र उष्णिस तारा तुलाधर आदि सहभागी हुनुभएका थिए । यस टोलीले चित्रकला प्रदर्शन, भजन र फिचर फिल्म धर्मकीर्ति विहार छपुलु र पताचारा फिल्म प्रदर्शन गरिएको थियो ।

*(१६) २०६८ ज्येष्ठ ११ गते*

यसदिन चाइना राजदूतावास सांस्कृतिक प्रथम सचिव Zoubin Lady लाई धर्मकीर्ति विहारमा सम्मान गरियो ।

(१७) २०६८ ज्येष्ठ २६ गते

यस दिन चाइना गुरू यिन हैङ्ग ज्यूलाई धर्मकीर्ति विहारमा सम्मान गरी उहाँको तर्फबाट र धर्मकीर्ति ज्ञानमालाका तर्फवाट भजन प्रस्तुत ।

*(१८) २०६८ श्रावण १४ गते*

धर्मकीर्ति विहार संरक्षण कोषका विशेष सदस्य संख्या २० आजीवन सदस्य संख्या ४४३ भएको जानकारी ।

(१९) २०६८ अषाढ २५-श्रावण १ गते

पूज्य धम्मवती गुरूमांको ७७ औं जन्मोत्सवको उपलक्ष्यमा पूज्य भिक्षु महासंघको तर्फवाट अभिधर्म पाठ र धर्मदेशना सम्पन्न लामा गुरु एवं वज्राचार्य गुरूज्युहरूको तर्फवाट पनि पाठ र प्रवचन सम्पन्न । धम्मवती गुरूमांको जन्मोत्सवको उपलक्ष्यमा नियमित अभिधर्म पाठ गराउन श्रद्धेय पञ्ञावती गुरूमांको संयोजकत्त्वमा कमिटी गठन ।

(२०) धर्मकीर्ति विहार संरक्षण कोषको नवीकरण कार्य सम्पन्न ।

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन (वार्षिक प्रतिवेदन)

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

धर्मकीर्ति विहार संरक्षण कोषको इकाईको रूपमा रही संगीतको माध्यमबाट बुद्ध शिक्षा प्रचार प्रसार गर्ने लक्ष लिएर अगाडि वढिरहेको धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनले श्रद्धालु भक्तजनहरूको निमन्त्रणा स्वीकारी यस वर्ष (२०६७/२०६८) ३३ स्थानहरूमा भजन प्रस्तुत गरिएको छ । ती मध्ये जमलमा ७ पटक भजन प्रस्तुत गरिएको थियो । हरेक वर्षमा जस्तै यसपाली पनि पूज्य धम्मवती गुरूमांको ७७ औं जन्मोत्सवको उपलक्ष्यमा ९ पटक भजन प्रस्तुत गरियो ।

२५५५ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा श्रीलंकामा धर्मकीर्ति ज्ञानमाला भजनका उपाध्यक्ष जुजुभाई शाक्य, रीता महर्जन, नगीना जोशी,रामेश्वरी महर्जन लगायत समूहले ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो ।

२०६७ वैशाख १७ गते धर्मकीर्ति विहारमा श्रीलंका राजदूतवासका सेक्रेटरीको समुपस्थितीमा धर्मकीर्ति ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो ।

२०६७ जेठ ११ गते २५५५ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा श्रीलंका राजदूत ठोसापाला हेवागेको निमन्त्रणामा रसियन कल्चर सेन्टरमा भजन प्रस्तुत ।

२०६७ जेठ १२ गते २५५५ औं बुद्ध पूर्णिमाको उपलक्षमा धर्मकीर्ति संरक्षणकोषले श्रीलंका राजदूत ठोसापाला हेवागेलाई स्वागत गरिएको कार्यक्रममा भजन प्रस्तुत ।

२०६७ असार १८ गते पूज्य धम्मवती गुरूमांको ७७ औं जन्मोउत्सवको उपलक्ष्यमा धर्मकीर्ति वौद्ध ज्ञानमाला भजनको निमन्त्रणामा ज्ञानमाला भजनको ६ वटा समूहले ज्ञानमाला भजन प्रस्तुत गरियो । ती भजन समूहको नामावली यसरी रहेका छन ।

- स्वयम्भू ज्ञानमाला भजन – स्वयम्भू
- श्रीघ: ज्ञानमाला भजन – श्रीघ:



Downloaded from http://www.dhamma.digital

- अन्नपूर्ण ज्ञानमाला भजन – असन
- मां थ्वा: ज्ञानमाला भजन –
- सुभाषित ज्ञानमाला भजन – गणवहाल
- त्रिरत्न ज्ञानमाला भजन – ओकुवहाल, ललितपुर

*२०६७ जेठ २९ गते ।* तेश्रो बौद्ध संगीत जागरणको तर्फवाट गण महाविहारमा आयोजित भजन प्रतियोगितामा धर्मकीर्ति ज्ञानमाला भजन पनि सहभागी भएको थियो ।

*२०६७/८/९ गते ।* यसदिन भारतीय राजदूतावासका फाइनान्स सेक्रेटरी पुनित कुण्डललाई धर्मकीर्ति विहारमा स्वागत गरिएको । यसदिन विभिन्न इकाईहरूबाट आ-आफ्नो कार्यक्रम प्रस्तुत गरिएको थियो ।

*२०६८ बैशाख ५ गते ।* यसदिन लामा गुरू थुङ्ग र ङ ग्यातुल रिम्पोछेलाई स्वागत गरी धर्मकीर्ति ज्ञानमाला भजनले ज्ञानमाला प्रस्तुत गरिएको ।

*२०६८ बैशाख १७ गते ।* यसदिन चौथौं बौद्ध संगीत जागरण त:बहाल ललितपुर प्रतियोगितमा ध.ज्ञा.भ. पनि सहभागी भएको ।

*२०६८ बैशाख (४-७ गतेसम्म) ।* पूज्य धम्मवती गुरूमांको ७७ , वर्ष ७ महिना ७ दिन भएको उपलक्ष्यमा आयोजित धार्मिक उत्सवमा ध.ज्ञा.भ ले लुम्बिनीमा भजन प्रस्तुत गरी सबैलाई जलपान व्यवस्था गरिएको । यो कार्यक्रम लुम्बिनीस्थित बेम्वो होटलमा सम्पन्न गरिएको थियो ।

*२०६८ ज्येष्ठ ११ गते ।* यसदिन चाइना राजदूतावासको सांस्कृतिक सचिव Zoubin Lady लाई .ध.सं .कोषका उपाध्यक्ष लगायत ध.ज्ञा.भ.को तर्फवाट स्वागत गरिएको थियो ।

*२०६८ ज्येष्ठ २६ गते ।* यसदिन चाइना गुरूलाई ध.सं कोषको उपाध्यक्ष लगायत ध.ज्ञा.भ. को तर्फबाट स्वागत गरी ध.ज्ञा.भ.को तर्फवाट भजन प्रस्तुत गरिएको थियो ।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि (वार्षिक प्रतिवेदन)

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक तालिका अनुसार वि.सं २०६७ को कार्यक्रमहरू यसरी सम्पन्न भएका छन ।

*(१) वि.सं. २०६७ वैशाख ११ गते, शनिवार*

काभ्रेजिल्लाको नमोबुद्धमा बुद्धपूजा, प्रवचन र ज्ञानमाला भजन प्रस्तुत । यस कार्यक्रमको संयोजक इन्द्रकुमार नकर्मी हुनुहुन्छ ।

*(२) वि.सं. २०६७ जेठ १ गते, शनिवार*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरू मध्ये पञ्चवीरसिंह पुरस्कार प्राप्त गर्न सफल व्यक्तित्त्वहरू– लोचनतारा तुलाधर, रीना तुलाधर, राजा शाक्य, विजयलक्ष्मी शाक्य, डा. सुमन कमल तुलाधर, उत्तम राज शिलाकार, र प्रेमलक्ष्मी तुलाधर आदिलाई सम्मान गरियो । यस कार्यक्रमको संयोजक प्रफुल्ल कमल ताम्राकार हुनुहुन्थ्यो ।

*(३) वि.सं. २०६७ ज्येष्ठ ८ गते, शनिवार*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ३९ औं पटकको जन्मोत्सवको उपलक्ष्यमा संयुक्त प्रदर्शनी सञ्चालन । उक्त प्रदर्शनीमा हस्तकलाका सामानहरू, खाद्य पदार्थहरू पनि विक्री गरिएको थियो । प्रदर्शनी उद्घाटनको शिलशिलामा ३९ वटा नै दीप, प्रज्वलन गरी पूज्य भिक्षु अश्वघोष महास्थविरले उद्घाटन गर्नु भएको थियो । यस कार्यक्रमको संयोजक रमा कंसाकार हुनुहुन्थ्यो । यस कार्यक्रममा भिक्षु अश्वघोष महास्थविरको फोटो वृत्तचित्रको सिडि विमोचन गरिएको थियो । उक्त सिडीको सम्पादन निर्देशन पञ्ञावती गुरुमां हुनुहुन्थ्यो ।

*(४) २०६७ जेठ १३ गते, विहीवार*

वैशाख पूर्णिमा कार्यक्रमको उपलक्ष्यमा बुद्धपूजा प्रवचन एवं दीपावली गरिएको थियो । यस कार्यक्रमको संयोजक अम्विका श्रेष्ट हुनुहुन्थ्यो ।

*(५) २०६७ असार ५ गते, शनिवार*

पूज्य भिक्षु अश्वघोष महास्थविरको ८४ औं जन्मोत्सवको उपलक्ष्यका बाल वौद्ध चित्रकला प्रतियोगिता सम्पन्न । *संयोजक – शुभवती गुरुमां ।*

*(६) २०६७ असार १२ गते, शनिवार*

बाल वौद्ध चित्रकलामा विजयी प्रतियोगीहरूलाई पुरस्कार एवं प्रमाण पत्र वितरण । उक्त कार्यक्रममा भिक्षु अश्वघोष महास्थविरको जन्मदिनको उपलक्ष्यमा उहाँलाई धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको तर्फबाट रू ३०००/- उपहार स्वरूप चढाएको थियो ।

*उक्त कार्यक्रमको संयोजक- सरोज मानन्धर ।*

*(७) श्रावण १ गते, शनिवार*

यसदिन ध्यानकुटी विहार बनेपामा प्रव्रज्या दिवस सम्पन्न गरियो । उक्त कार्यक्रममा “मेरो प्रव्रजित जीवन” विषयमा परिसम्वाद र “आज बुद्ध रहनु भएको भए” भन्ने विषयमा विचार गोष्ठी गरिएको थियो । यस कार्यक्रमको संयोजक विकासरत्न तुलाधर ।



Downloaded from http://www.dhamma.digital

*(८) २०६७ श्रावण ९ गते, बिहीवार*

यसदिन पूज्य अश्वघोष महास्थविर सहित धर्मकीर्ति विहारका संपूर्ण गुरूमांहरूलाई दान प्रदान गरी गुरू पूजा गर्दै गुरू पूर्णिमा महोत्सव सम्पन्न गरिएको थियो ।

*उक्त कार्यक्रमको संयोजक- उर्मीला ताम्राकार ।*

*(९) २०६७ श्रावण १६ गते, शनिवार*

पूज्य धम्मवती गुरूमांको ७६ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा अन्तर विहार प्रौढ बौद्ध हाजिर जवाफ प्रतियोगिता सम्पन्न ।

यस प्रतियोगितामा जीतवन विहार थानकोट प्रथम, प्रणिधिपूर्ण विहार बलम्बु-द्धितीय र त्रिरत्न कीर्ति विहार कीर्तिपुर तृतीय हुन सफल भएका थिए ।

*यस कार्यक्रमको संयोजिका – रमा कंसाकार ।*

*(१०) २०६७ पौष (१७–२३)*

बौद्ध जन विहार सुनागुठीमा दशौं पटकको अल्पकालिन श्रामणेर एवं ऋषिनी प्रव्रज्या शिविर सम्पन्न ।

*कार्यक्रमको संयोजकहरू– इन्दावती गुरुमां र अमीर कुमारी शाक्य ।*

## विषय– वुद्ध धर्ममा मतिसोधन

*२०६८/९/१०*

*प्रवचक- मीन बहादुर शाक्य, प्रस्तुति- मिनरबती तुलाधर*

यस दिन मीनबहादुर शाक्यज्यूले बुद्ध धर्ममा मतिशोधनको विषयमा प्रवचन दिनुभएको थियो । मतिशोधन भन्नाले चित्त शुद्ध गर्नेलाई भनिन्छ । भगवान बुद्धले पनि कुशल कर्म मात्र गरेर पुग्दैन, अकुशल कर्म मात्र नगरेर पुग्दैन, चित्त पनि परिशुद्ध हुनुपर्छ भनेर भन्नु भएको थियो । सुख सबैलाई मनपर्छ दुःख कसैलाई पनि मन पर्दैन । त्यसैले हामीले आफुलाई प्राप्त भएको सुख अरूलाई दिन सक्नुपर्छ र अरूको दुःख आफुले ग्रहण गरेर लिन सक्नुपछ । पाँच प्रकारका आगन्तुक क्लेशको कारणले गर्दा चित्त दुषित हुन्छ । राग, द्वेष, मोह, अभिमान, इर्ष्या क्लेश हटाउन सकेमा बुद्धत्व प्राप्त-गर्न सकिन्छ । महाकरूणा चित्त उत्पन्न हुने बोधिसत्वहरूले आफ्नो प्राण अर्पण गरेर पनि अरूलाई हीत उपकार गर्छन् । एकजना साधकले तीनवर्ष ध्यान गर्दा पनि ज्ञान प्राप्त गर्न नसके पछि निराश भइराखेको थियो त्यसैबेला एकजना चराले खोलाको पानी अर्को ठाउँमा ओसारेको देख्यो, अर्को चोटी नकर्मीले सीयामा प्वाल राखेको देख्यो अनि उत्साह बढ्यो । फेरि घोरि भएको कुकुरलाई देख्यो उसले आफुलाई धेरै दुखे तापनि बाटोमा आउनेलाई भुकिरहयो । त्यो देखेर आफूलाई कुकुर प्रति करूणा चिन्त उत्पन भइ कुकुरको शरीरको किरा झिकिदियो । त्यसैवेला करूणामय उत्पन्न भयो । करूणामय नै करूणाले भरिएको चित्त हो ।

## विषय– अंगुत्तर निकाय (दुक निपात)

*२०६८ असार १८ गते, शनिवार*

*प्रवचक- मदन रत्न मानन्धर, प्रस्तुती- अम्विका श्रेष्ठ*

*३४ औं कक्षा,* उक्त दिन श्री मदन रत्न मानन्धर ज्यूले विगतका प्रवचनहरू संस्मरण गरी कक्षा शुरू गर्नु भयो । वहाँले भन्नु भयो भगवान बुद्धले ४५ वर्ष सम्म जुन धर्म देशना गर्नु भयो त्यसलाई एक ठाउँमा संकलन गरी त्रिपिटक नामक ग्रन्थ निर्माण गरियो । उक्त ग्रन्थ तीन पिटक मिलेर वनेको हुनाले त्रिपिटक भनेको हो । यहाँ त्रि भन्नाले तीन र पिटक भन्नाले भाँडो (भण्डार) हुन् । तीन पिटक निम्नानुसार छन् ।

१. सुत्र पिटक (उपदेश संग्रह)
२. विनय पिटक (नियम संग्रह)
३. अभिधर्म पिटक (दर्शन संग्रह)

सुत्त पिटकमा ५ वटा निकायहरू छन्–

१. दीर्घ निकाय  २. मज्झिम निकाय
३. संयुक्त निकाय ४. अंगुत्तर निकाय ५. खुद्धक निकाय

सुत्र पिटकको ५ वटा निकायमध्ये अंगुत्तर निकाय चौथोमा पर्दछ ।

यस निकायमा ११ वटा निपातहरू छन् । जस्तै : एक, दुक, तीक ... आदि ।

दुक निपातमा ३ वटा पण्णासक छन् । (५० को पण्णसक समूह)

*पठम पण्णसकमा ५ वटा वर्गहरू छन्–*

१. कम्मकरण वर्ग २. अधिकरण वर्ग ३. मूर्ख वर्ग (बाल वग्गो) ४. समचित वर्ग ५. परिषद वर्ग त्यसपछि वहाँले दुक निपात अन्तरगतका मूर्ख वर्ग (बालवग्गो) वारेमा छलफल गर्नु भयो । जुन वर्गमा ११ वटा सूत्रहरू छन् । सूत्र नं २२-३२ सम्म ।

प्रवचक श्री मदन रत्न माननधरज्यूले मूर्खको ब्याख्या गर्दै भन्नु भयो । बाल भनेको मूर्ख अर्को शब्दमा अज्ञानीहरूलाई भनिन्छ । उनीहरूले गर्नु पर्ने नगरी गर्नु नपर्ने गर्नुको साथै बुद्धि प्रयोग नगर्ने स्वभाव हुन्छ । विवेक नहुनु वास्तविकतालाई बुझ्न नसक्नु र त्यो अनुसार चल्न नसक्नु उनीहरूको यथार्थता अथवा वास्तविकता हो । मूर्खहरूको विशेषता बारे वताउनु भएपछि वहाँले मूर्खवर्ग (बालवग्गो) अन्तरगतका पहिलो सूत्र अर्थात प्रथम



Downloaded from http://www.dhamma.digital

पण्णासकको २२ औं सूत्रमा उल्लेख भएको विषय सम्वन्धमा बताउनु भयो ।

२२ औं सूत्रमा भगवान बुद्धले मूर्खहरू वारे निम्न कुराहरू बताउनु भयो ।

संसारमा दुई जना मूर्खहरू छन्, वा दुई प्रकारका मूर्खहरू छन् ।

१) आफ्नो दोषलाई दोष नमान्ने अरूले दोष देखाइ दिए पनि स्वीकार नगर्ने ।

२) आफ्नो दोषलाई दोष मानी क्षमा माग्दा पनि क्षमा नदिने ।

*त्यसरी नै दुईजना पण्डितहरू छन्–*

१. आफ्नो दोषलाई दोष मान्ने ।

२. आफ्नो दोषलाई दोष मान्नेलाई क्षमा गर्ने २३ औं सूत्रमा भगवान बुद्धले बताउनु भयो – तथागत-लाई मिथ्या आरोप, लाञ्छना लगाउने दुइ प्रकारका मानिसहरू छन् ।

१) दुष्ट द्वेषी

२) यथार्थ कुरा (धर्म) बुझ्ननसक्ने, असमझदारी (Misunderstand) तर श्रद्धावान (देवदत्त) २४ औं सूत्रमा भगवान बुद्धले भन्नु भयो । तथागतलाई मिथ्या आलोचना गर्नेहरू दुई प्रकारका ब्यक्तिहरू (दुइजना) छन् ।

१) तथागतले वताउनु भएको वा उपदेश दिनु भएको कुरालाई वताउनु भएको छैन, उपदेश दिनु भएको छैन भनि प्रचार गर्ने ब्यक्तिहरू

२) त्यस्तै तथागतले बताउनु नभएको भन्नु नभएको कुरालाई वताउनु भएको भन्नु भएको भनि प्रचार गर्ने ब्यक्तिहरू

*तथागतलाई मिथ्या (दोष) नलगाउने दुई प्रकारका ब्यक्तिहरू–*

१) तथागतले भन्नु भएको,वताउनु भएकोलाई भन्नु भएको वताउनु भनि प्रकट गर्नेहरू ।

२) तथागतले बताउनु नभएको भन्नु नभएको कुरालाई वताउनु नभएको भन्नु नभएको भनि प्रकट गर्नेहरू । अन्तमा वहाँले भन्नु भयो त्यसकारण हामीले जुन सुकै कुरा पनि राम्ररी अध्ययन मनन गर्नु पर्छ ।

## धर्मकीर्ति बसुन्धरा विहारको वार्षिक प्रतिवेदन

१. तृतिया महिनाको दुईपल्ट बुद्धपूजा धम्मदेशना
२. ध्यान कार्यक्रम   ३. बाल ध्यान कार्यक्रम
४. वौद्ध परियत्ति शिक्षा
५. गुँला धम्म देशना
६. रक्तदान, आँखादान कार्यक्रम
७. श्वास्थ्य शिविर   ८. ऋषिणी प्रव्रज्या

## धर्मकीर्ति बौद्ध मासिक
## सन्तुलन परिक्षण
**२०६७ वैशाख देखि चैत्र मसान्त सम्म**

| क्र.सं. | विवरण | डेविट रकम | केडिट रकम |
|---|---|---|---|
| १ | नेपाल बैक लि. कन्तिपथ | ७८,६३०.१२ | |
| २ | नेपाल बैक लि., क्षेत्रपाटी | १४,५७६.२५ | |
| ३ | सि. एम. वि. फाइनान्स | १,०००.०० | |
| ४ | कागज मौज्दात | ३१,४५४.०४ | |
| ५ | नगद (सानो नगदीकोष) | २,१२०.०० | |
| ६ | पूँजी | | ९३५,३५२,६८ |
| ७ | धरौटी | १,०००.०० | |
| ८ | मूद्दती खाता | ८००,०००.०० | |
| ९ | कागज खर्च | ११८,३८१.५० | |
| १० | छपाई खर्च | १२१,२६०.०० | |
| ११ | मसलन्द खर्च | ६३६.०० | |
| १२ | हुलाक खर्च | ७,८८२.०० | |
| १३ | ढुवानी खर्च | २,४२०.०० | |
| १४ | फुटकर खरिद | १,०११.०० | |
| १५ | कार्यालय खर्च | ३,५०९.०० | |
| १६ | कमिशन | | |
| १७ | फ्रेम (विशेष सदस्य) | १,६५०.०० | |
| १८ | ग्राहक शुल्क | | ८६,२५०.०० |
| १९ | विज्ञापन | | ४०,०००.०० |
| २० | दान तथा चन्दा | | १८,५६०.०० |
| २१ | विशेष सदस्य | | ४०,४८६.०० |
| २२ | ब्याज आम्दानी | | ६४,८८१.२३ |
| २३ | पत्रिका विक्री | | |
| | | १,१८५,५२९.९१ | १,१८५,५२९.९१ |



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति बौद्ध मासिक
## नाफा नोक्सान हिसाव
### २०६७ बैशाख देखि चैत्र मसान्त सम्म

| क्र.सं. | खर्च | रकम | क्र.सं. | आम्दानी | रकम |
|---|---|---|---|---|---|
| | | २०६७ | | | २०६७ |
| १ | कागज खर्च | ११८,३८१.५० | १ | ग्राहक शुल्क | ८६,२५०.०० |
| २ | छपाई खर्च | १२१,२६०.०० | २ | विज्ञापन आम्दानी | ४०,०००.०० |
| ३ | मशलन्द खर्च | ६३६.०० | ३ | ब्याज प्राप्त | ६४,८८१.२३ |
| ४ | हुलाक खर्च | ७,८८२.०० | ४ | दान वा चन्दा | १८,५६०.०० |
| ५. | ढुवानी खर्च | २,४२०.०० | ५ | पत्रिका विक्री | |
| ६ | कार्यालय खर्च | ३,५०९.०० | ६ | नपुग रकम पूँजीमा घटाएको | ४७,०५८।२७ |
| ७ | फुटकर खरिद | १,०११.०० | | | |
| ८ | विशेष सदस्य फ्रेम | १,६५०.०० | | | |
| ९ | वाँकी रकम पूँजीमा सारिएको | | | | |
| | | २५६,७४९.५० | | | २५६,७४९.५० |

## धर्मकीर्ति बौद्ध मासिक
## वासलात
### २०६७ चैत्र मसान्त सम्म

| क्र.सं. | खर्च | रकम | क्र.सं. | आम्दानी | रकम |
|---|---|---|---|---|---|
| १ | पूँजी | ९,३५३५२.६८ | १ | नेपाल बैक लि. कान्तिपथ | ७८,६३०.१२ |
| २ | विशेष सदस्य | ४०,४८६.०० | २ | नेपाल बैक लि, क्षेत्रपाटी | १४,५७६.२५ |
| ३ | वाँकी रकम | | | | |
| | पूँजीमा सारिएको | (४७,०५८.२७ | ३ | मुद्दती खाता | ८००,०००.०० |
| | | | ४ | सि.एम.वि.फाइनान्स | १,०००.०० |
| | | | ५ | कागज मौज्दात | ३१,४५४.०४ |
| | | | ६ | सानो नगदीकोष | २,१२०.०० |
| | | | ७ | धरौटी | १,०००.०० |
| | | ९२८,७८०.४१ | | | ९२८७८०.४१ |



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसालय् कपन गुम्बा भ्रमण



*कपन गुम्बा भ्रमणया उपस्थित जुयादीपिं उपासक उपासिकापिं*

वंगु २०६८ असार २५, शनिबार खुन्हु धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसालय् गोष्ठीया सदस्यपिं लिसें १७० म्ह उपासक उपासिकापाखे कपन गुम्बाय् धार्मिक भ्रमण जुल । थेरवादी परम्परा बुद्धपूजा, वोज्झङ सूत्र पाखें न्ह्याकःगु चिकिहाःगु ज्याइवलय् गुम्बायाम्ह प्रतिनिधि लामा थुप्तेन जिग्दोल पाखें लसकुस न्वचुलिसें धर्म देशना नं जूगु खः । लामाजुपाखें थेरवाद, महायान, बज्रयान स्वंगुलि शुद्ध रूपं बुद्धया धर्म खः धया बिज्यात । वसपोलं थःगु धापू प्वंका बिज्यात कि थेरवाद छेँया जग समान खः महाया अंगः पःखाः समान खः सा वज्रयान रंग रोगन समान खः । स्वंगुलिं यान पाखें समन्वयपूर्वक बुद्धया धर्म प्रचार जुइ माःगु दु ।

ज्याइवलय् थुगु कपन गुम्बा भ्रमण कार्यक्रमया प्रमुख संयोजक विजय रत्न तुलाधरपाखेँ गुम्बाया परिचय बिया दिल । वंगु २५ दँ न्हयवंनिसें थुगु गुम्बाया स्वयं सेवक जुया च्वंम्ह श्रद्धालु गुम्बाया उपासक विजय रत्न तुलाधरजुं कपन गुम्बा करीब ३० वर्ष न्हयो स्थापना जूगु, वर्तमानय् थ्व गुम्बाया स्वापू अमेरिका चेकोस्लाभिया, स्पेन इत्यादि पश्चिमि देशय् तकं दुगु खँ उल्लेख याना दिल । थन गुम्बाय् अन्तराष्ट्रिय जगतं बौद्ध धर्मावलम्बीत वयाः धर्म अभ्यास याना वया च्वंगु खँ नं कना दिल ।

सकल उपासक उपासिकापिन्त भ्रमण सार्थकयायत अनुपमा गुरूमां नं धर्म देशना बिया बिज्यागु खः । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया उपाध्यक्ष इन्द्रावती गुरूमां नं सकसितं धन्यवाद न्वचु लिसें ओंवाद उपदेश बियादिल ।

बुद्धपूजा व धर्म देशना ज्याइवः ल्यू कपन गुम्बाया महत्वपूर्ण थायत, लामायागु अस्थि अवशेष, अवतारी लामाया दर्शनया नं ज्याइवः जुल । अनं लिपा फुलारी गुम्बाया भ्मण जुल । गुम्बापाखें सकसित उपहार स्वरूप दलाइ लामां च्वया तःगु सफू इनेगु ज्या नं जुल खयेतुं सकसिनं विहारय् दान प्रदानया ज्या नं जूगु खः । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी पाखें जूगु कपन गुम्बा भ्रमण थ्व निकोगु खः । मेगु स्वकोगु भ्रमणया आयोजना नं जुइतिनिगु सुचं ब्यूगु दु । उल्लेखनीय खः थाय थासय् बौद्ध स्थलत भ्रमण याना बौद्ध जगतया बुद्धिजीविपिंनाप विचार आदान प्रदान यायेगु थुगु गोष्ठीया छगू उद्देस्य कथं थ्व भ्रमणया ज्याइवःत धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीं न्ह्याका च्वंगु खः ।

*प्रस्तुती- रीना तुलाधर*



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

*२०६८ श्रावण १५- भाद्र १३ सम्म*

धर्मकीर्ति विहारमा गुंला धर्मको उपलक्ष्यमा एक महिना सम्म बुद्धपूजा र धर्मदेशना कार्यक्रम सम्पन्न भएको छ । यही उपलक्ष्यमा एक महिना अवधिभर विभिन्न गुरूमांहरूबाट बुद्धकालिन आदर्श नारीहरूको विषयलाई लिएर धर्म देशना भएको थियो । यही सिलसिलामा जम्मा १९ जना बुद्धकालिन आदर्श नारीहरूको विषयमा धर्मदेशना भएको थियो । यसको विवरण तल उल्लेख गरिएको छ ।

| क्र.सं. | मिति | बुद्धपूजा गर्नहुने गुरूमांहरू | धर्मदेशना गर्नुहुने गुरूमांहरू | विषय |
|---|---|---|---|---|
| १) | २०६८/४/१५ | अमता | केशावती | प्रजापती गौतमी |
| २) | २०६८/४/१६ | अमता | केशावती | प्रजापती गौतमी |
| ३) | २०६८/४/१७ | वण्णवती | चमेली | यशोधरा |
| ४) | २०६८/४/१८ | वण्णवती | चमेली | यशोधरा |
| ५) | २०६८/४/१९ | सुवण्णवती | चमेली | यशोधरा |
| ६) | २०६८/४/२० | सुवण्णवती | पञ्ञावती | धम्मदिन्ना |
| ७) | २०६८/४/२१ | क्षान्तिवती | पञ्ञावती | धम्मदिन्ना |
| ८) | २०६८/४/२२ | क्षान्तिवती | दानवती | पटाचारा |
| ९) | २०६८/४/२३ | ओभाषवती | दानवती | पटाचारा |
| १०) | २०६८/४/२४ | ओभाषवती | त्यागवती | नन्दा |
| ११) | २०६८/४/२५ | मणीवती | त्यागवती | नन्दा |
| १२) | २०६८/४/२६ | मणीवती | पूण्यवती | सोणा |
| १३) | २०६८/४/२७ | अमता | पूण्यवती | सोणा |
| १४) | २०६८/४/२८ | अमता | मेत्तावती | भद्रा कुण्डल केशा |
| १५) | २०६८/४/२९ | वण्णवती | मेत्तावती | भद्रा कुण्डल केशा |
| १६) | २०६८/४/३० | वण्णवती | इन्दावती | भद्र कपिलानी |
| १७) | २०६८/४/३१ | सुण्णवती | इन्दावती | भद्र कपिलानी |
| १८) | २०६८/४/३२ | सुवण्णवती | जयवती | कृषा गौतमी |
| १९) | २०६८/५/१ | क्षान्तिवती | जयवती | कृषा गौतमी |
| २०) | २०६८/५/२ | क्षान्तिवती | शुभवती | खेमा |
| २१) | २०६८/५/३ | ओभाषवती | शुभवती | खेमा |
| २२) | २०६८/५/४ | ओभाषवती | सुखवती | उप्पलवर्णा |
| २३) | २०६८/५/५ | मणीवती | सुखवती | उत्पलवर्णा |
| २४) | २०६८/५/६ | मणीवती | चमेली | सकुला |
| २५) | २०६८/५/७ | अमता | पञ्ञावती | सिगालमाता |
| २६) | २०६८/५/८ | अमता | केशावती | सुजाता |
| २७) | २०६८/५/९ | वण्णवती | दानवती | विशाखा |
| २८) | २०६८/५/१० | वण्णवती | त्यागवती | खुज्जुत्तरा |
| २९) | २०६८/५/११ | अमता | पूण्यवती | उत्तरानन्दा माता |
| ३०) | २०६८/५/१२ | क्षान्तिवती | मेत्तावती | श्यामावती |
| ३१) | २०६८/५/१३ | ओभाषवती | इन्दावती | सुप्रवाशा |



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः पाखें गुरूपुन्हीया निती चन्दा उठेयाःगु ल्याःचाः

| चन्दादातापिं | | चन्दा रकम | |
|---|---|---|---|
| १. | शशी प्रभा स्थापित – | रू. | ५००/- |
| २. | बुद्ध रत्न, चन्द्र शोभा कसा: – | रू. | ५००/- |
| ३. | दान केशरी शाक्य – | रू. | ५००/- |
| ४. | चन्द्र मान डंगोल – | रू. | ५०५/- |
| ५. | बुद्ध रत्न महर्जन – | रू. | ४००/- |
| ६. | चिनीयामाया बज्राचार्य – | रू. | २००/- |
| ७. | प्रतिमा मानन्धर, क्षेत्रपाती – | रू. | २००/- |
| ८. | रत्न शोभा महर्जन, डल्लु – | रू. | २००/- |
| ९. | नानी हिरा तुलाधर – | रू. | २००/- |
| १०. | नानी हिरा तुलाधर, पकनाजोल | रू. | १५०/- |
| ११. | केशरी शाक्य – | रू. | १५०/- |
| १२. | कमला बज्राचार्य – | रू. | १५०/- |
| १३. | रामेश्वरी महर्जन – | रू. | १५०/- |
| १४. | रत्न शोभा तुलाधर – | रू. | २००/- |
| १५. | रीता महर्जन – | रू. | २००/- |
| १६. | शुशीला तुलाधर – | रू. | २००/- |
| १७. | विमला शाक्य – | रू. | २००/- |
| १८. | सूर्जदेवी शाक्य – | रू. | २००/- |
| १९. | अनिता शाक्य – | रू. | २००/- |
| २०. | अष्ट माया महर्जन – | रू. | २००/- |
| २१. | कमल शोभा तुलाधर – | रू. | २००/- |
| २२. | नानी मैयाँ महर्जन – | रू. | २००/- |
| २३. | गंगा डंगोल – | रू. | २००/- |
| २४. | तिर्थ महर्जन – | रू. | २००/- |
| २५. | पूर्ण देवी महर्जन – | रू. | २००/- |
| २६. | बसुन्धरा महर्जन – | रू. | २००/- |
| २७. | लक्ष्मी महर्जन – | रू. | २००/- |
| २८. | चैन कुमारी – | रू. | २००/- |
| २९. | तारा देवी कसा – | रू. | २००/- |
| ३०. | शान्ता महर्जन – | रू. | २००/- |
| ३१. | माया तुलाधर – | रू. | १००/- |
| ३२. | सरस्वती महर्जन – | रू. | २००/- |
| ३३. | झ्यापु महर्जन – | रू. | २००/- |
| ३४. | मिन देवी शाक्य – | रू. | २००/- |
| ३५. | सुभद्रा स्थापित – | रू. | ५०/- |
| ३६. | बद्रि श्रेष्ठ – | रू. | ५०/- |
| ३७. | माणिक लक्ष्मी तुलाधर – | रू. | २००/- |
| ३८. | अमोघ लक्ष्मी तुलाधर – | रू. | २००/- |
| ३९. | चिनीया वज्राचार्य – | रू. | २००/- |
| ४०. | जनक माया रञ्जित – | रू. | २००/- |
| ४१. | नानी छोरी प्रजापति – | रू. | २००/- |
| ४२. | नगीना जोशी – | रू. | २००/- |
| ४३. | टीका लक्ष्मी शाक्य – | रू. | २००/- |
| ४४. | कर्ण देवी तुलाधर – | रू. | २००/- |
| ४५. | हिरा लक्ष्मी शाक्य – | रू. | २००/- |
| ४६. | तेज लक्ष्मी शाक्य – | रू. | २००/- |
| ४७. | सानु मैयाँ प्रजापति – | रू. | २००/- |
| ४८. | मिश्री रञ्जित – | रू. | २००/- |
| ४९. | पूण्य लक्ष्मी रञ्जित – | रू. | २००/- |
| ५०. | सुमति तुलाधर – | रू. | २००/- |
| ५१. | पूर्ण शोभा शाक्य – | रू. | २००/- |
| ५२. | तारा शोभा शाक्य – | रू. | २००/- |
| ५३. | सानु छोरी प्रजापति – | रू. | २००/- |
| ५४. | ज्ञान देवी नकर्मी – | रू. | २००/- |
| ५५. | छारी महर्जन – | रू. | २००/- |
| ५६. | अनिर स्थापित – | रू. | २००/- |
| ५७. | ज्ञान शोभा कसा: – | रू. | २००/- |
| ५८. | शील देवी तुलाधर – | रू. | १००/- |
| | चन्दा स्वरूप प्राप्त कुलदां – | रू. | १२,३०५/- |

**खर्च जूगु दां–**

| | | |
|---|---|---|
| गुरू हनेगु नितिं – | रू. | ७,२००/- |
| अध्ययन गोष्ठी – | रू. | ७००/- |
| हाजिरी जवाफ – | रू. | ८००/- |
| फ्रुति, खाडा – | रू. | ३००/- |
| टेप न्या:गु – | रू. | ७५/- |
| चैत्य (चाइना गुरू उपहार) | रू. | ७००/- |
| कुमार भन्ते | रू. | ७००/- |
| स्टार भेन्यु वनेत बस भाडा | रू. | १०५०/- |
| **जम्मा** | रू. | **११,५२५/-** |
| श्रद्धय कमला गुरूमां अभिनन्दन-पौ | रू. | ५००/- |
| श्रद्धेय कमला गुरुमां धर्मकीर्ति पत्रिका विशेषांक | रू. | २००/- |
| **जम्मा** | रू. | **१२,२२५/-** |



Downloaded from http://www.dhamma.digital

## धर्म प्रचार — समाचार

### गुरू पूर्णिमा कार्यक्रम सम्पन्न

बुटवल आषाढ ३१ गते

पद्म चैत्य विहार स्थित बौद्ध युवा ज्ञानमाला संघ बुटवलको २१ औं वार्षिकोत्सव समारोह अत्यन्त उत्साहजनक ढंगबाट सुसम्पन्न भएको छ । बोधिदीप प्रज्वलन गरी समुद्घाटन गर्दै ज्ञानमाला संघ, आनन्द विहार, भिमसेन टोल, पाल्पा तानसेनका अध्यक्ष श्रद्धेय राजेन्द्रमुनि शाक्य ज्यूले प्रमुख अतिथिको रूपमा बोल्नु हुँदै बौद्ध युवा ज्ञानमाला संघको क्रियाकलाप अत्यन्त सराहनीय रहेको तथा यस्तै ढंगले आफ्ना बौद्ध गतिविधिका साथै उद्देश्य अनुरूप कार्य गर्नका निम्ति आग्रह गर्नुभयो । उक्त समारोह संघका अध्यक्ष विमल बहादुर शाक्यको अध्यक्षतामा सम्पन्न भएको थियो भने पद्म चैत्य विहार संचालक समितिका अध्यक्ष संघरत्न बज्राचार्य प्रमुख निर्वाचन आयुक्त योगेन्द्रमणि तुलाधर, बौद्ध महिला संघकी अध्यक्ष श्रीमती शुभलक्ष्मी गुभाजू, शाक्य समाज बुटवलका अध्यक्ष महेश्वर शाक्यले मन्तव्य व्यक्त गनु भएको थियो । वार्षिक प्रतिवेदन संघका सचिव राजेन्द्र बहादुर शाक्य, आर्थिक प्रतिवेदन पूर्णरत्न गोविन्द राज शाक्यले प्रस्तुत गर्नुभएको थियो भने धन्यवाद ज्ञापन द्वितीय उपाध्यक्ष सुन्दरलाल शाक्यले गर्नु भएको थियो । आषाढ ३० गते रक्तदान कार्यक्रममा २३ जनाले सक्तदान गर्नु भएको थियो । सोही दिन बौद्ध युवा ज्ञानमाला संघको निर्वाचन सुसम्पन्न पनि भएको थियो । सर्वसम्पन्न रूपमा निर्वाचनमा अध्यक्ष सुन्दर लाल शाक्य प्रथम उपाध्यक्ष पूर्णरत्न बज्राचार्य, द्वितीय उपाध्यक्ष अशोकराज बज्राचार्य, सचिव राजेन्द्र बहादुर शाक्य, कोषाध्यक्ष सुरेन्द्रमुनि शाक्य, उप सचिव पूर्णमणि तुलाधर सदस्यहरूमा श्रीमती रचना तुलाधर।, सुश्री एलिजा तुलाधर निर्देशक सुश्री सुमन तुलाधर, सुश्री मन्दिरा श्रेष्ठ, ज्ञानेन्द्रमणि तुलाधर, निर्देशक सुश्री सुमन तुलाधर निर्वाचित हुनु भएको थियो । संघको प्रथम बैठकले ऋद्धिमान शाक्य, नरेशरत्न बज्राचार्य र दीपक बहादुर शाक्यलाई मनोनित गरेको छ । एवम् प्रकारले वरिष्ठ सल्लाहकारमा निवर्तमान अध्यक्ष विमल बहादुर शाक्य र सल्लाहकारहरूमा गोविन्दराज शाक्य, कृष्णप्रसाद शाक्य, योगेन्द्रमणि तुलाधर,धिर बहादुर राजवंशी ज्यूहरूलाई मनोनयन गरेको छ ।

### आठौं बार्षिक साधारण सभा सम्पन्न

धर्मोदय सभा, मध्यपुर थिमि नगर शाखा, नगदेशको आठौं वार्षिक साधारण सभाको समुदघाटन ध.स.का केन्द्रीय महासचिव श्रद्धेय सुचित्र मान शाक्यज्यूबाट सम्पन्न गरिएको समाचार छ । प्राप्त समाचार अनुसार समुद्घाटन समारोह हुनु अगावै औंशीको पावन विदा भएकोले सर्वप्रथम साप्ताहिक बुद्ध पूजा भब्य तवरले गरियो । श्रेद्धेय भिक्षु वर सम्वोधिज्यूबाट अष्टशील पञ्चशील प्रार्थना गराउनु भएको उक्त बुद्ध पूजा कार्यक्रम सम्पन्न भए लगतै यस शाखाको समुद्घाटन समारोहको थालनी गरीयो । सो समारोहमा स्वागत मन्तव्य आजीवन सदस्य लक्ष्मण राजबाहकले दिनु भयो भने सभाको अध्यक्षता आजीवन सदस्य एवं भू.पू शाखा उपाध्यक्ष दीपकराज साँपालले गर्नुभएको थियो । उक्त वार्षिक साधारण सभाको समुद्घाटन समारोहमा यस शाखाका सचिव उपासक कृष्ण कुमार प्रजापतिले शाखाको प्रगति प्रतिवेदन प्रस्तुत गरी धर्मोदय सभाको ऐतिहासिक विवेचना गर्नु भयो । र अतिथिको रूपमा पाल्नु भएका डा. सानु भाई डंगोजज्यूले साधारण सभाको सफलताको कामना गरी **“दश अकुशल”** बारे चर्चा गर्नु भयो । र अन्तमा प्रमुख अतिथिको रूपमा पाल्नु भएका केन्द्रीय महासचिव सुचित्रमान शाक्यजूले भगवान बुद्धको सही सत्य धर्मलाई बुझ्ने हो भने प्रत्येक उपासक उपासिकाहरूले “विपस्सना ध्यान भावना” गर्नु पर्ने कुरोमा जोड दिई साधारण सभाको सफलताको कामना गर्नु भयो भने सधन्यवाद आजीवन सदस्य रत्न भक्त हाँय्जुले दिनुभयो । र अन्तमा सभाध्यक्ष दीपकराज साँपालले आफ्नो छोटो मन्तव्य सहित समापन गर्नु भयो । सामुहीक पूण्यानुमोदन समेत गरीयो । भोजन पश्चात लगतै बन्द सत्रको शुभारम्भ गरियो । बन्द सत्रको अध्यक्षता जेष्ठताको आधारमा आजीवन सदस्य भाइ धजु बाट गरिएको बन्द सत्रमा निम्न लिखित १७ जनाको कार्यसमिति सर्वसम्मतिद्धारा चयन गरियो ।

१. अध्यक्ष न्हुछेकुमार सिंकेमन	२. उपाध्यक्ष पंचनरसिंह बाडे
३. कोषाध्यक्ष कृष्ण भक्त हाँय्जु	४. सचिव कृष्ण कुमार प्रजापति
५. सदस्य रत्न बहादुर बाडे	६. सदस्य दीपक राज साँपाल
७. सदस्य तुलसी राम बाडे	८. सदस्य जयराम भतां



Downloaded from http://www.dhamma.digital

९. सदस्य बाबु राम बाडे
१०. सदस्य राज कुमार मेजु
११. सदस्य राज कृष्ण बाडे
१२. सदस्य धन केशरी धुँमन
१३. सदस्य तुलसी माया बाडे
१४. सदस्य लक्ष्मी मेजु
१५. सदस्य माया बाडे
१६. सदस्य बिष्णु माया बाडे
१७. सदस्य ज्ञान देवि बाजु

## २६०० औं धर्मचक्र प्रवर्तन दिवस

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुच: नगदेशको संयुक्त आयोजनामा असार पूर्णिमा। गुरूपूर्णिमाको दिन नगदेश बुद्ध विहारको धम्महलमा २६०० औं धर्मचक्र प्रवर्तन दिवस समारोह सम्पन्न गरिएको समाचार छ । गौतम बुद्धले २६०० वर्ष अधिको असारपूर्णिमा को पावन दिनमा सारनाथको मृगदावन ऋषिपटनमा पञ्च-भद्रवर्गियहरूलाई प्रथम पटक धर्मोपदेश गरी धर्मचक्र प्रवर्तन गरी गुरू हुनुभएको सो दिनलाई पालि साहित्यमा "धम्मचक्कप्पवत्तन" दिवसको रूपमा गराउनु भएको यस समारोहमा बुद्ध पूजा पनि गरिएको थियो ।

दीपकराज साँपालको सभापतित्वमा संचालित उक्त कार्यक्रममा शिवभक्त मेजुले स्वागत भाषण गर्नु भएको थियो । यसरी नै डा. सानुभाई डंगोलले दीप प्रज्ज्वलन गरी कार्यक्रम उदघाटन गर्नु भएको थियो । मन्तव्य व्यक्त गर्ने क्रममा विपेन्द्र महर्जन, वखतबहादुर चित्रकार, कृष्ण कुमार प्रजापति, डा. सानुभाई डंगोल , आदिले बौद्ध जगतमा यस असार पूर्णिमाको महत्व विषयमा चर्चा गर्नु भएको थियो भने विष्णु रत्न शाक्यले यही विषयमा कविता वाचन गर्नुभएको थियो । अन्त्यमा सभापति ज्यूले धन्यवाद व्यक्त गर्नु हुदै आजको मन्तव्य व्यक्त गर्नु भई सभा विसर्जन गर्नु भएको थियो ।

## थेरवाद बौद्धदायक केन्द्रिय परिषद् बक्तव्य

नेपाललाई शान्ति नायक भगवान बुद्धको जन्मस्थलको रूपमा परिचय व्यापक गराउन मित्र राष्ट्र चीनबाट नेपालको लुम्बिनीलाई विकास गर्नका लागि शुरू गरेको अभियान अति प्रशंशनिय र बौद्ध जगतका लागि खुशीको कुरो हो ।

नेपाल विश्वका सम्स्त धर्महरूको संगम स्थल रहेको छ। बुद्ध दर्शनको प्रभावका कारण यहाँका जनताको आचरण विचार भावनालाई अनुकरण गरिएको पाईन्छ । चीनका माहामहिम राजदूतद्वारा संयुक्त राष्ट्र संघका पूर्व महासचिव उथान्त तथा अन्य शान्ति कामी विश्व जन चाहनाको सपनालाई साकार बनाउन अगाडी बढाउन उठाएको सकरात्मक कदमलाई विश्व इतिहास सामू स्वर्णिम अक्षरले लेख्ने छ । लुम्विनी क्षेत्रको भविष्य उज्वल रहने आशा लिदै माहामहिम राजदूतको कदमलाई स्वागत गर्दै यस संगठन हार्दिक आभार व्यक्त गर्दछ । यसरी नै अन्य श्रद्धालुहरूबाट पनि लुम्बिनी विकासका लागि योगदान गर्ने आशा गर्दछु ।

लुम्बिनी विकास कार्य क्रममा विशेष गरी अखिल नेपाल भिक्षु महासंघ, लुम्बिनी विकास कोष र धर्मोदय सभा, तथा अरू बौद्ध संघ संस्थाहरूबाट जुन प्रकारबाट यस विशेष कार्यक्रममा सक्रिय भै योगदान पुऱ्याउनु पर्ने हो । सो काममा सबैले आफ्नो परम कर्तव्य सम्झी डटेर कदम चाल्नु पर्ने समय भएकोले सबैलाई यस परिषद हार्दिक अनुरोध गर्दछ ।

## मैत्री बोधिंसत्त्व विहारमा बुद्धपूजा धर्मदेशना

वि.सं २०६८ श्रावण २२ गते

यसदिन कुसुम गुरूमांले बुद्धपूजा कार्यक्रम सञ्चालन गनुभई धर्मदेशना गनुभएको थियो । धर्मकीर्ति ज्ञानमाला भजनले भजन प्रस्तुत गरिएको उक्त कार्यक्रममा जलपान दाताको नाम यसरी उल्लेख गरिएको छ–

(पूर्णवीर सिं कंसाकार (स्व. माता रत्नशोभा कंसाकारको पूण्य स्मृतिमा) गायत्री कंसाकार

(स्व. बुबा गोबिन्दमान श्रेष्ठ र स्व. माता राधिका श्रेष्ठको पूण्यस्मृतिमा)

## बृक्षारोपण

२६०० औं धर्मचक्र प्रवर्तन दिवस एवं धर्मोदय सभा, मध्यपुर थिमि नगर शाखा, नगदेशको आठौं बार्षिक साधारण सभाको संस्मरणमा श्रावण १३ गते नगदेश बुद्ध विहार स्थितको महाखेल चौरमा बृक्षारोपण कार्य सम्पन्न गरिएको समाचार छ ।

नगदेश बुद्ध विहारको अगाडी पट्टिरहेको चौरमा मनोरम एवं सुन्दर उद्यान बनाउने खातिर हाललाई १२५ वटा धूपिको बोट आरोपण गर्ने कार्यको शुभारम्भ शाखा सचिव कृष्णकुमार प्रजापतीबाट भएको थियो ।

## दान गरेको आँखा सफल प्रत्यारोपण भएको

नगदेश बुद्ध विहारको उपासिका सुन्दरीमाया घजुकी कान्छी बहिनी उपासिका कान्छी माया घजु ६२ बर्षको उमेरमा आफ्नोकालगतिले यहीं बि.सं. २०६८ श्रावण-४ बुद्धबारका दिनमा देहावसान हुन पुग्यो। उपचार को क्रममा सिनामंगल स्थितको के एम सी अस्पतालमा



Downloaded from http://www.dhamma.digital

देहावसान भएपछि मृतक घजुको शब पशुपति आर्यघाटमा शब दहन गर्नु अगावैं परिवारजनको सहमतिमा दुबै आँखा तिलगंगा आँखा प्रतिष्ठानलाई दान गरियो । सो दान गरेको आँखा मध्ये एउटा आँखा जलेश्वर,महोत्तरी निबासी २८ बर्षीय "देव" थरकी महिलालाई सफल प्रत्यारोपण गरियो भने अर्को आँखा "कार्की" थरकी महिलालाई सफल प्रत्यारोपण गरिएको बुझिन आएको छ ।

## ध्यानकुटी विहारय् प्रव्रज्या दिवसहन

*२०६८ श्रावण २१ गते शनिवार,* ध्यानकुटी विहार, बनेपाय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसालय् प्रव्रज्या दिवस ज्याझ्व: हन । अध्ययन गोष्ठीया दुज:पिं न्हापांगु पालय् ध्यानकुटी विहारय् अल्पकालीन श्रामणेर प्रवज्या जूगु दिं लुमंका थ्व ज्याझ्व: दँय् दसं जुया च्वंगु दु ।

थ्व कुन्हु भोजन न्हापाया ज्या झ्वलय् बुद्ध पूजा व राहुल भन्ते पाखें प्रवचन जुल । राहुल भन्ते अल्पकालीन प्रव्रज्या ज्या झ्वलय् श्रामणेर जुया: स्थायी रूपं भिक्षु जीवनहना च्वना बिज्या:म्ह ख: । न्हिनय् १.०० बजे शुरू जूगु निगूगु चरणया ज्याझ्वलय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सचिव लोचन तारा तुलाधरं लसकुस याना दिल । ज्याझ्वलय् मस्तय्गु अल्पकालीन ऋषिनी प्रव्रज्या शिविरय् च्वने धुंकूम्ह उर्सुला मानन्धर पाखें "पंचशीलया महत्व" शीर्षकगु च्वसु ब्वना, न्यंकादिल "थौंया परिप्रेक्ष्यय् अल्पकालिन प्रवज्या" विषयक परिसम्बाद कार्यक्रम रीना तुलाधरं न्ह्याका दिल । प्रव्रज्या धयागु नैष्क्रम्य पारमिता दुनेया अभ्यास जूगुलिं अल्पकालीन प्रव्रज्यायात भ्रीसं विकृति मवय्‌क न्ह्याका च्वनेमा: धयागु मनसाय लिसें वय्‌कलं ज्याझ्व: न्ह्याका दिल । परि सम्वाद ज्याझ्वलय् डा. चन्द्रेस रत्न तुलाधर, मीना तुलाधर व तारा डंगोल पिसं थ:थ:गु मन्तव्य बिया दिल । डा. चन्देश रत्नया धापू कथं थौकन्हय् अल्पकालीन श्रामणेर व ऋषिनी याय् हइपिं मचात प्रव्रज्या बिषय शिक्षा व अध्ययन मदुगुलिं उकिया महत्व थुइके मफुत । थुकिया लागि छेँय् नं मां बौ पिसं प्रव्रज्या धयागु छु धयागु स्यना हयेमा नापं भन्ते व गुरूमांपिस थुकिया महत्व थुइका बीमा । धर्मकीर्ति विहार संरक्षण कोषया सचिव मीना तुलाधरया कथं संसार भय खना ग्या:म्ह गृहस्थी त्व:ता भिक्षु जुइ । काय, वाक, चित्त शुद्ध यायेत प्रव्रज्या जुइगु ख: । शील, समाधि प्रज्ञाया अनुभव यायेत प्रव्रजित जुइगु ख: । कुशल धर्म वृद्धि यायेत प्रव्रजित जुइगु ख: उकिं श्रामणेर व ऋषिनी प्रव्रज्यायात केवल बाऱ्हा तयेगुया विकल्प व कयूता पुजाया विकल्प कथं जक काये मज्यू । तारा डंगोलया धापू कथं व प्रव्रज्या शिविर कर्म काण्ड पाखे मवनेमा: । थुगु परिसम्वादया समिक्षा इन्दावती गुरुमां व राहुल भन्ते नं याना विज्यात । पूज्य अश्वघोष भन्ते न्हापा न्हापा प्रवचनया झ्वलय् अल्पकालीन प्रव्रज्याय् सहभागीपिनिगु खँ लुमंका: आ:तकं थ्व ज्या निरन्तर जुया च्वंगुलिं लसता प्वंका बिज्यात । अन्तय् संयोजक विकास रत्न तुलाधरं सुभाय् बिया: ज्याझ्व: क्वचायेका दिल ।

## थेरवाद बौद्ध दायक केन्द्रिय परिषद बौद्ध दाहसंस्कार गुंठी गुहाली पुच:या त: मुँज्या

नेपा सं. ११३१ दिल्ला गा: औंशि, शनि वा: जूगु त: मूँ ज्याय् (साधारण सभाय्) भिक्षु त्तिस्सँ मेन मत्त च्याका बिज्याना बुद्ध मूर्तिया न्हयोने ज: विया वसपोल भन्ते नँ उपासक उपासिका पिंत अज्ञानताया ख्युँ थासँ 'ज्ञानया ज:' दुथाय् वँनेत मार्ग दर्शन याना बिज्यात ।

बौद्ध दाह संस्कार गुहालि पुच: (गुठी) या नायो वखतबहादुर पूँ भाजुँ दाह संस्कार गुहालि पुच: (गुठी) आ: ची धँ थैं च्वसां लिपा वँना थुकेँ त: धंगु समाज सुधार जुइगु सत्य, तथ्य, उला दीगु ख: ।

देश, बिदेशय् नँ उखुनु तिनी दाह संस्कार (Eunerall Service) या डिग्री कोर्स सुरू याँना ह:गु दु ।

दाँभरीं बिमला केसरी कंसाकार मयजुँ २०६५ सालँ निसैं थम्हं भाला कैगु खँ कँना छिलसा छयाँजे सुख देव डंगोलँ बौद्ध दाह संस्कार गुहालि पुच: (गुठी) या ज्युता:छि दुज: (आजीवन सदस्य) पिं थपय् जुजुँ वंगु 'प्रगति' या खँ कँना दिल ।

## गौतमी विहार लुम्बिनीलाई सहयोग

दाता तीर्थ राम डंगोलज्यूले गौतमी विहार लुम्बिनीमा पर्खाल निर्माणको लागि रू १ लाख चन्दा सहयोग प्रदान गरी पूण्य संचय गर्नु भएको समाचार छ । दाता डंगोल ज्यूलाई गौतमी विहार लुम्बिनीले आयु आरोग्य कामना गरी साधुवाद प्रकट गरेको छ ।

***जरैं नउखेलेको केवल पात मात्र काटिएको बोट फेरि पलाएझैं, तृष्णा र अनुरागको अर्थात् आशक्तिको समूल नष्ट नगर्ने हो भने दु:ख पनि वारम्वार पलाएर आइरहन्छ । - धम्मपद***



Downloaded from http://www.dhamma.digital

# "भिं बुदिंया भिन्तुना" डकुमेन्ट्री उलेज्या



*डकुमेन्ट्री उलेज्या याना विज्यासे भिक्षु कोण्डन्य*

*प्रस्तुती- प्रेम लक्ष्मी तुलाधर*

ने.सं ११३१ गुरू पुन्ही कुन्हु "पूजनीय धम्मवती गुरूमांया ७८ दँ बुदिंया लसताय् भिन्तुना" नांगु डकुमेन्ट्री पूज्य कोण्डन्य भन्ते पाखें विमोचन याना बिज्यात ।

अथेहे "धर्मकीर्ति भजनमाला" क्यासेट पूज्य धम्मवती गुरूमां पाखें विमोचन याना विज्यात ।

गुरू पुन्हीया मू दिंयात कयाः गुरू दक्षिणाया रूपे वसपोल धम्मवती गुरुमांया भि उसाँय् व ताः आयुया आशिका यासे वसपोलयात दोहलप्यूगु जुल ।

थुगु डकुमेन्ट्रीया च्वमी व निर्देशक प्रेम लक्ष्मी तुलाधर, रामेश्वरी महर्जन खःसा उद्घोषिका नं रामेश्वरी महर्जन हे खः । संकिपामि पञ्ञावती गुरूमां खः ।

पूज्य धम्मवती गुरूमांया ७८ बुदिंया लसताय् लुम्बिनी उद्याने जूगु विशेष धार्मिक महोत्सव ज्याझ्वःयात कयाः तयार याःगु ३२ मिनेटयागु थुगु डकुमेन्ट्री धर्मकीर्ति विहारया न्हयोब्वयाया रूपे पिदंगु खः ।

## धर्मचक्र प्रर्वतन दिवस

थ्व हे दिल्लाथ्व असार पुन्ही २४ गते शुक्रवाः खुन्हु भोजपुर टक्सार शाक्य समाज यलया ग्वसालय् समाजया संघ आजु भाजु खड्गरत्न शाक्यजुया सातदोबाटो स्थित निवास समाजया सकल जः दुजपिं व मेमेपिं अर्धपासापिं मुना सुथय् ७:३० ता इलय् निसें ज्ञानमाला भजन, बुद्ध पूजा व परित्राण पाठ याना थुगु दिवस हनेगु ज्या जुल । थुगु ज्या झ्वसमु महाँ जुया बिज्याम्ह विश्वशान्ति विहार मिनभवनया श्रद्धेय भन्ते भिक्षु निग्रोध स्थविर जुँ बौद्ध ख्यलय गुगुकर्म बुद्ध जयन्तीया महत्त्व दु उकीसन थुगु वर्षावास पुन्ही धर्मचचक्र प्रवर्तन दिंया महत्त्व दुगु खँ धर्म देशना याना बिज्यात । वसपोलया पाखें पञ्चशील प्रार्थना याके न्हयवः १० मिनेटया भावना व म्हतिं म्हतिं अधिष्ठान याना प्रारम्भजुगु थुजागु ज्या झ्वः यात समाजं निरन्तरता बिया वनेमागु खँयात वसपोलं न्ह्थब्वया बिज्यागु जुल ।


सकल जगत प्राणीया मंगलकामना याना परित्राण पाठ नापं पुण्यानुमोदन यानाः क्वचागु थुगु ज्या झ्वःस बिज्यापिं सकलयात दाता भाजु खड्गरत्न शाक्य परीवार पाखें भोजन दान जूगु जुल । स्वघौ तक न्ह्यागु थुगु ज्याझ्वयात समाजया छ्याञ्जे भाजु प्रदीप शाक्यं न्ह्याका बिज्यागु जुल ।



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो।
उपज्जित्वा निरूज्झन्ति तेसंऊपसमो सुखो॥

*बुदिं:*
*वि.सं. १९९८*
*(Nov. 05 1941)*



*मदुगुदिं:*
*वि.सं २०६७ पौष ६ गते*
*मङ्गलवार*
*(योमरी पुन्हि*

## दिवंगत नरेन्द्रबहादुर सिंह

सोऱ्हखुट्टे नयाँ बजार

जिमि जहान छ्यँया हामा efh'g/]bþxfb'/ l;*
२०६७ पौष ६ गते कुन्हु ७० दँया वैशय् आकाङ्झाकां मदुगुलिं मदुम्हसित
सुखावती भुवनय् वास लाय्मा धकाः सुगति एवंम्
निर्वाण प्राप्ति कामना याना च्वना ।

**तिरिमय्जु अम्विकादेवी सिंह**

काय् : **भगवान सिंह** – भौ : **हिरा सिंह**

म्हयाय् : **विना सिंह श्रेष्ठ** – **जिचाभाजु** : **सुरेश श्रेष्ठ**

म्हयाय् : **गीता सिंह** –

म्हयाय् : **वणणवती गुरुमां**

**छ्य्पिं : हेबिक सिंह, हमिस सिंह, सुवि श्रेष्ठ, सुविन श्रेष्ठ, सुलक्षण श्रेष्ठ**

सोऱ्हखुट्टे, नयाँबजार, काठमाडौं

मुद्रक: न्यू नेपाल प्रेस *प्रधान कार्यालय:* १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | फ्याक्स: ४४३३९२९ | newnepalpress@gmail.com
*व्यापारिक कार्यालय:* शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५० | फ्याक्स: (९७७-१) ४२६४७३७ | e-mail: nepalpress@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI
## A BUDDHIST MONTHLY



पूज्य धम्मवती गुरुमांको ७७ औं जन्मोत्सवको उपलक्ष्यमा सञ्चालित अभिधम्म पाठ कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुँदै तीर्थराम डंगोल

**वर्ष-२९; अङ्क-५** **बु.सं. २५५५, येँया पुन्हि**

Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जितवा निरूज्झन्ति तेसंऊपसमो सुखो ॥



बुदिं:
वि.सं. २००२/४/२ गते

मदुगुदिं:
वि.सं २०६८/३/१३ गते

**दिवंगत रूप ज्योति कंसाकार**, स्वयम्भू

भोजन पुचःया दुजः शील शोभा कंसाकारया जहान

**रूप ज्योति कंसाकार**

आकाझाकां मदुगुलिं दुःखं कयाच्वंपिं वय्कःया छयेंजःपिनि

अनित्य संसारया स्वभावयात लुमंकाः

धैर्य, वल वृद्धि ज्वीमा धकाः आशिका यासे

विचाः हाय्का च्वना ।

## पूर्णहीरा भोजन पुचः

धर्मकीर्ति विहार, श्रीघः, नःघल

Downloaded from http://www.dhamma.digital